मेलमिलाप

मेलमिलापको ऐतिहासिक पृष्ठभूमि

कुनैपनि जीवन्त समाजमा द्वन्द्व वा विवाद सिर्जना हुनु स्वभाविक हुन्छ। विवाद रहित समाजको परिकल्पना गर्न सकिदैन । समाजमा द्वन्द्व कहिलेबाट शुरु भयो र मेलमिलाप कहिले, कसले, कसरी कहाँ शुरु गऱ्यो भन्न कठीन छ । सायद दुईजना मानिस उत्पत्तिभएदेखि द्वन्द्वको जन्मभएको र तीनजना मानिसभएपछि मेलमिलाप गर्न थालिएको थियो होला भन्ने अनुमान गरिन्छ। त्यसैले द्वन्द्व व्यवस्थापन गर्ने धेरै विधि र तरिकाहरु संसारमा प्रचलनमा छन्। द्वन्द्वको वैधानिक समाधान गर्ने मुख्य निकाय अदालत हो जसलाई राज्यद्वारा मान्यता प्रदान गरिएको हुन्छ। तर सबै द्वन्द्वहरु अदालतमा मात्र जाने र मिलाउने गरिदैन समाजमा र राज्यका अन्य निकायहरुमा पनि द्वन्द्वहरु मिलाइन्छ। यसरी द्वन्द्व समाधान गर्ने थुप्रै निकायहरु र विधिहरुमध्ये मेलमिलाप एउटा विश्वभरि नै लोकप्रिय विधिको रुपमा लिइन्छ।

अशान्ति कुनै पनि समाजको चाहना वा आवश्यकता हुदैन । समाजलाई शान्ति र न्यायको आवश्यकता पर्दछ । न्याय विनाको शान्ति, शान्ति विनाको विकास र विकास विनाको राज्य संभव छैन। त्यसैले शान्ति हरेक समाज र राज्यको अभिष्ट हो। यहि अभिष्ट पुरा गर्ने उद्देश्यले आधुनिक राज्यमा स्वतन्त्र र निष्पक्ष न्यायालयको स्थापना भएको हो । तर सबै न्याय र शान्तिको काम न्यायालयबाट सम्भव नहुने हुनाले मेलमिलापलाई अदालतको सहयोगीकोरुपमा विकास हुँदै आएको पाइन्छ।

विवादका दुई वा दुईभन्दा बढीपक्षहरुबीच तेश्रो पक्षको उपस्थितिमा समाजमा समाधान खोज्ने उपायको प्रारम्भिक शुरुवात वा पहिलो श्रेय चीन र जापानलाई जान्छ। त्यहाँ यो वैकल्पिक व्यवस्था नभएर पहिलो रोजाइ थियो। चीनका दार्शनिक कन्फ्युसियश (ईसापूर्व ५५१-४७९) को विचारमा "विवादका पक्षहरुको न्यूनतम समाधानले नैतिक मान्यता र सार्वभौमिक सरोकार भन्दा मेलमिलापबाट भएको समाधानको उपलब्धि बढी उपलव्धिमुलक हुन्छ।" भन्ने भनाइबाट चिनियाँ समाजले विवाद समाधान प्रति मेलमिलापको चासो राखेको पाइन्छ। चीनमा विभिन्न समुदायमा हुने देवानी मुद्दाहरुमा करिब ८० प्रतिशत विवाद मेलमिलापबाट समाधान हुने गरेको छ।चीनमा *"जनमेलमिलाप समिति"* ले प्रतिवर्ष करीब ७२ लाख विवाद समाधान गर्दछ।[1]

यसै गरी जापानमा गाउँका अग्रजहरुको मेलमिलापका काम गर्दथे जसलाई मैत्रीसेवाको नामले चिनिन्थ्यो जो आजसम्म सोही मान्यातका आधारमा चलेको पाइन्छ।

[1] Kimberlee K, Kovach, Mediation: Principle and Practice P. 18 1994,

आधुनिक विश्वमा सन् १९७१ देखि अमेरिकाले मेलमिलाप प्रकृयाको रुपमा शुरु गरेको पाइन्छ । त्यसपछि श्रीलंका १९८८, भारत १९८७, बङ्लादेश, फिलिपिन्स, सिंगापुर,मलेसिया,दक्षिण अफ्रिका, ट्रिनडाड एण्ड टोबागो, अष्ट्रेलिया लगायतका रुपमा क्रमश शुरु हुँदै आउने क्रममा नेपालमा पहिलो पटक सन् २००१ देखि यातनापीडित सरोकार केन्द्र सिभिक्ट काठमाण्डौले नेपालका पूर्वाञ्चलका इलाम, झापा र सप्तरी जिल्लामा स्थानीय मानवअधिकार संस्थाहरु मानवअधिकार मञ्च नेपाल, इलाम, नेपाल सामुदायिक विकास प्रतिष्ठान झापा र मानवअधिकार तथा सामुदायिक विकास प्रतिष्ठान सप्तरी मार्फत शुरुवात गरेको पाइन्छ । यसपछि नेपालमा हाल यो प्रकृयालाई देशका विभिन्न जिल्लाहरुमा विभिन्न सामाजिक संघसंस्थाहरुले संचालनमा ल्याइएको छ ।

नेपालमा मेलमिलापको इतिहास र केही सन्दर्भहरु

नेपालमा पनि स्थानीय समुदायमा विवादको समाधान गर्ने प्रचलन धेरै पहिलादेखि भएको पाइन्छ । किराँतकालमा किराँतहरुको प्राचीन पवित्र ग्रन्थ मुन्धुममा उल्लेख भएअनुसार “तिमीहरु आफ्ना दाजुभाइ बीचमा मुद्दा पऱ्योभने गाउँका स्थानीय पञ्च (पानतुम्याङ) कहाँ जानु, उसले निसाफ गर्ने छ , सभा गरी छलफल गरेर मात्र साँचो न्याय भेटिनेछ ।” भन्ने व्यवस्था अनुसार किराँत जातिहरुमा पानतुम्याङ छान्ने विवाद निरोपणमा पञ्चखत बाहेकका मुद्दाहरुमा मिलापत्र पछि शीर उठाउने प्रचलन थियो र अहिले पनि पाइन्छ । जसलाई लिम्बुजातिमा पानतुम्याङ, राई जातिमा शेरीफाक्मा, शेरीफुङ्चाङ्ग, लाप्चा जातिमा डिक्ज्यो, डिउमो, तामाङ जातिमा स्यालगर वा छे गर्नु, शेर्पा जातिमा किनबेच तथा मिलापत्र पछि गरिने छोङज्याङ (छ्याङछुङ) भनिन्छ ।

किराँतकालपछि लिच्छवीकालमा पाञ्चाली, मल्लकालमा पञ्च समुच्चयलाई पनि विवाद निरोपण गर्ने अधिकार दिइएको पाइन्छ । पाञ्चाली स्थानीय भलादमीहरुको सभा हो ।त्यसपछि मल्लकालमा पञ्च समुच्चयले विवाद समाधान गर्ने गर्दथ्यो । राजा महेन्द्र मल्लले “सधैं प्रजाको हित गर्नु, सच्चा बोल्नु, टोल गाउँको कचहरी टोल गाउँमा नै मिलाइदिनु, न्यायको न्याय गर्नु ” भन्ने निर्देशन दिएको पाइन्छ । शाहकालमा आएर पनि विभिन्न नामबाट स्थानीयतहबाट विवाद समाधान गर्ने प्रक्रियाले निरन्तरता पाएको पाइन्छ । पृथ्वीनारायण शाहको दिव्योपदेशमा “कचहरी पिच्छे एकएक पण्डित राखी न्यायशास्त्र बमोजिम अदालत चलाउनु ” भन्ने उल्लेख भएको पाइन्छ । विसं. १९१० को मुलुकी ऐनमा विर्ता वा जागिरदारले स्थानीय विवाद स्थानीय तहमा नै समाधान गर्न पाउने अधिकार प्रदान गरेको पाइन्छ । विसं. १९८३ मा जारी भएको सनदले मान्यजन कचहरीको व्यवस्था गऱ्यो । यसलाई कुला पानी,बाँध, जग्गाको साँध सिमाना जस्ता विवाद मेलमिलाप गराउने अधिकार थियो । विसं. १९८३ को सनद १९८७ मा संशोधन भई विवादका पक्षहरुले पञ्च रोज्न पाउने र ती पञ्चले पक्षहरु र भदालमीको रोहबरमा मेलमिलाप गराइ विवाद समाधान गर्ने व्यवस्था भएको पाइन्छ । २००६ मा जारी भएको गाउँ पञ्चायत ऐनले स्थानीय निकायलाई बाटोघाटो, कुलो पानी, ज्याला मजदुरी, साँध सिमाना

जस्ता विषयमा निर्णय गर्ने र विवाद समाधान गर्ने अधिकार प्रदान गरेको थियो । विसं २०१३ मा जारी भएको गाउँपञ्चायत ऐनले पञ्चायतको न्यायिक अधिकार खारेज गऱ्यो । तर २०१८ को गाउँ पञ्चायत ऐनले पुनः न्यायिक अधिकार स्थापना गऱ्यो । गाउँ विकास समिति ऐन २०४८ मा उजुरी लिन पाउने र तयस्तो उजुरी माथि मिलापत्र गराउन पाउने व्यवस्था गरेको छ । उक्त ऐनको दफा ४४ मा उजुरी हुन लिन सक्ने विषयमा र दफा ४५ मा उजुरी परेका पक्षहरुलाई झिकाइ छलफल गरी सम्झाइ बुझाइ मिलापत्र गराउनु पर्ने र मिलापत्र हुन नसकेमा ३ महिना भित्र अदालतमा जानु भनी सुनाइदिनुपर्ने व्यवस्था गरेको पाइन्छ । यो सँगै जारी भएको नगरपालिका ऐमा भने सो व्यवस्था गरेको थिएन । गाविस र नगरपालिका ऐन २०४८ लाई खारेज गरी २०५६ बैशाख १६ मा जारी भएको स्थानीय स्वायत्त शासन ऐ २०५५ ले गाविस र नगरपालिकाको न्यायिक अधिकारलाई व्यापक अधिकार प्रदान गरेको छ र मुद्दा हेर्ने वैकल्पिक उपायकोरुपमा मेलमिलाप पद्धतिलाई मान्यता प्रदान गरेको छ ।[2] जिल्ला अदालत नियमावली २०६० मार्ग १, सोही नियमावली संशोधन गरी पुनरावेदन र सर्वोच्च अदालतमा पनि मेलमिलाप गर्ने व्यवस्था र अन्तरिम संविधान २०६३ मा समेत मेलमिलापको व्यवस्था गरिएको छ । यसै गरी अन्तरिम संविधान २०६३ ले स्थानीय तहमा मेलमिलाप केन्द्रको स्थापना र स्थायी शान्तिको प्रयास गर्ने कुरा अगाडि सारेको छ । स्थानीय शान्ति समितिको गठन तथा कार्यविधिमा मेलमिलापका आधारमा विवाद द्वन्द्व व्यवस्थापन गर्ने अख्तियारी दिएको पाइन्छ । यसरी नै मेलमिलाप ऐन २०६८ वैशाख २६ गते जारी भइ हाल कार्यान्वयको अवस्थामा छ । यो ऐनले मध्यस्थता ऐन २०५५ Arbitration Act को मध्यस्थता प्रकृया भन्दा पृथक किसिमको व्यवस्था गरेको छ । मेलमिलाप ऐन २०६८ को दफा **४१.ले मेलमिलापकर्ताले "सहजकर्ताको भूमिका निम्न प्रकारले निर्वाह गर्नु पर्ने भनेर उल्लेख गरेको छः**

(१) मेलमिलापकर्ताले विवादको समाधान गर्दा मैत्रीपूर्ण तवरबाट विवाद समाधान गर्न पक्षहरुलाई स्वतन्त्र तथा निष्पक्ष तरिकाले सहयोग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सहयोग गर्दा मेलमिलापकर्ता सदैव पक्षहरुको हक तथा दायित्व, व्यापारिक प्रकृतिको विवाद भए सो विषयको अभ्यास तथा प्रचलन, **समुदायमा आधारित संयन्त्रबाट विवाद समाधान गरिएको भए सम्बन्धित समुदायमा उपलब्ध विवाद समाधान सम्बन्धी परम्परा, अभ्यास र स्वीकृत मान्यतालाई ध्यान दिई निष्पक्षता, वस्तुनिष्ठता, स्वच्छता र न्यायका सिद्धान्तबाट सदैव निर्देशित हुनु पर्नेछ ।**

(३) **यस ऐन बमोजिम मेलमिलापकर्ताले विवाद समाधान गर्न सहायता गर्दा निजले न्यायाधीश, मध्यस्थ वा कानूनी सल्लाहकारको भूमिका निर्वाह नगरी सहजकर्ताको मात्र भूमिका निर्वाह गर्नु पर्नेछ ।**" भन्ने प्रष्ट व्यवस्था गरेको छ ।[3]

यसरी नेपालको ऐतिहासिक कालदेखि कानुनी विकासका विभिन्न अवस्थाहरुको अध्ययन गर्दा मेलमिलाप प्रकृयालाई अपनाएको पाइन्छ । किराँतकालदेखि हालसम्मका विवाद निरोपणका लागि भएका प्रयासहरुमा सरकारवादी मुद्दा बाहेकका विवादहरु समाधान गर्न स्थानीय निकाय र

[2] नेपालमा समामुदायिक मेलमिलाप पद्दतिको प्रयोगः संभावना र चुनौतिहरु : तिलप्रसाद श्रेष्ठ सह रजिष्टार सर्वोच्चअदालत, २०६२कार्तिक २३ गते सामुदायिक मध्यस्थ कार्यकर्ताहरुको भेलामा प्रस्तुत कार्यपत्र

[3] मेलमिलाप ऐन २०६८ दफा ४१,

समुदायलाई अधिकार दिएको पाइन्छ । अदालतमा परेका मिलाउन सकिने मुद्दाहरुमा लेखिने मिलापत्रमा **“यो घरसारको मिलापत्र गरी”** भन्ने वाक्यांश लेख्ने हाम्रो परम्परा पाइन्छ । यसले पनि कानुनले तोकेका निकाय बाहेक घरसारमा पनि मिलापत्र हुन्छ भन्ने मान्यता हाम्रो अदालतमा पेस गरिने मिलापत्रले जनाउँदछ । यसले के कुरा गर्दछ भने घरसार वा समुदायमा विवाद वा द्वन्द्व व्यवस्थापन हुन्छ भनेर सामाजिक मूल्य मान्यताहरुलाई न्यायिक निकायहरुले मान्यता र स्वीकृति समेत दिदै आएको छ । सामाजिक मूल्यमान्यताको संरक्षण र स्वीकृतिको मान्यता समेत यो ऐनले दिएको छ माथि ऐनमा उल्लेख भएको “समुदायमा आधारित संयन्त्रबाट विवाद समाधान गरिएको भए सम्बन्धित समुदायमा उपलब्ध विवाद समाधान सम्बन्धी परम्परा, अभ्यास र स्वीकृत मान्यतालाई ध्यान दिई निष्पक्षता, वस्तुनिष्ठता, स्वच्छता र न्यायका सिद्धान्तबाट सदैव निर्देशित हुनु पर्नेछ ।” भनेर स्प्रष्ट उल्लेख भएको छ ।

मेलमिलापको अर्थ र सिद्धान्त

मेलमिलाप प्रकृया एउटा तटस्थ तेश्रो पक्ष (मेलमिलापकर्ता) को सहयोगमा स्वस्फूर्तरुपमा विवादका पक्षहरुबाट आफ्नो विवाद आफैंले समाधान गरी सहमतीमा पुऱ्याउने प्रकृया हो । जुन विवाद समाधानको परिणाममा दुवैपक्षको पूर्ण स्वीकृति रहेको हुन्छ । मध्यस्थतामा जस्तो यसमा तेश्रोपक्ष (मेलमिलापकर्ता) ले निर्णय दिने वा मिल्नकालागि दवाव दिने कार्य गरिदैन ।[4] द्वन्द्वरतपक्षहरु र मेलमिलापकर्ता समेतको सहभागितामा द्वन्द्वरतपक्षहरुले आफै द्वन्द्व समाधान गर्ने विधि नै मेलमिलाप हो । मेलमिलापमा द्वन्द्वरत दुवै पक्ष र स्वतन्त्र, निर्भिक, तटस्थ तेश्रोपक्षको सक्रियतामा एकै ठाउँमा बसी द्वन्द्व समाधान गरिन्छ । मेलमिलापमा दुवै पक्षहरुले आआफ्नो अवस्था, इच्छा, चाहना र आवश्यकताका आधारमा आफै द्वन्द्व समाधानका लागि निश्कर्षमा पुग्दछन् । अन्तिम निर्णयमा मेलमिलापकर्ताको कुनै भूमिका हुँदैन, द्वन्द्वरतपक्षहरुको निर्णय नै अन्तिम निर्णय हुनपुग्छ । यस्तो मेलमिलापमा मेलमिलापकर्ताले सहजीकरण गर्ने वा केवल सहयोग मात्र गर्ने गर्दछन् पक्षहरुले आफ्नो द्वन्द्व आफैं समाधान गर्दछन् ।

मेलमिलापद्वारा द्वन्द्व समाधान गर्ने काम एक अनौपचारिक प्रणाली हो । मेलमिलापद्वारा द्वन्द्व समाधान गर्दा कुनै कानुनले तोकेको कार्यविधि नभइ आपसी समझदारीका आधारमा तयार पार्ने गरिन्छ । द्वन्द्व समाधान गर्दा सबैभन्दा पहिला द्वन्द्व उठ्नुपर्ने कारण के हो ? द्वन्द्वपूर्वको अवस्था (सम्बन्ध) के कस्तो थियो ? द्वन्द्व किन भयो ? कारण के हो ? कसरी यो बढ्यो ? यसबाट पक्षहरुलाई के के नोक्सान भयो ? समाधान नहुँदा के हुन्छ भन्ने डर छ ? के भएमा मिल्न सकिने अपेक्षा छ ? आदि आधारहरुलाई हेरेर भविष्यमा कसरी मिलेर शान्तिपूर्वक बस्न सकिन्छ भन्ने आधारमा निश्कर्षमा पुग्ने गरिन्छ । यसो भन्नुको अर्थ कानूनी मान्यता र प्रचलित कानुनले निषेध गरेको कुरामा मिल्न सकिन्छ भन्ने चाही होइन । तर लामो कानुनी प्रकृया,

[4] **American Arbitration Association page 1 see** www.aaamediation.com

वादी, प्रतिवादी नभइ, त्यस्तो व्यवहार नगरी सामाजिक तरिकाले गाऊँघरमा नै बसेर कुनै किसिमको खर्च विना, आफ्नो मातृभाषामा कुरा राखेर, आफ्नो समुदायमा नै द्वन्द्वको समाधान गर्ने तरिका मेलमिलाप हो ।

विवाद समाधान गर्ने निकायहरू र तौरतरिकाहरू

मेलमिलाप एउटा समुदायमा आधारित अनौपचारिक विवाद समाधान विधि हो । विवाद समाधानका विधिहरुलाई यसरी पनि हेर्न सकिन्छ :



विवाद समाधान हुने एकल प्रकृया (Monodic)

समाजमा अनगिन्ती मानिसहरुको विवाद एकपक्षबाट पीडा भयो भने विवादको अर्को पक्षले कुनै मेलमिलाप कर्ताको सहायता विना नै समाधान गर्दछ । यसलाई एकल विवाद समाधानको प्रकृया भनिन्छ । रामले श्यामलाई गाली गर्‍यो भने श्यामले कसैलाई उजुरी नगरी आफैं सह्यो भने वा चुपलाग्यो भने विवाद समाधान हुन्छ । यो श्यामको निर्णय हो । रामसँग चुपलाग्दा पनि श्यामलाई थप पीडा भएमा उसले सम्बन्ध टाढा बनाउँदछ वा ठाउँ छोडेर विवाद गर्न चाहदैन यतिबेला ठाउँ छोड्ने निर्णय पनि श्यामबाटै हुन्छ । त्यति गर्दापनि रामले पच्छ्याउन छोडेन सहने सीमा नाघ्यो भने श्यामले प्रतिवाद गर्दछ । यो पनि श्यामबाटै भएको निर्णय हो । यो निर्णय पक्षस्वयं आफैले एक्लै गर्ने हुनाले यसलाई एकल द्वन्द्व वा एकल विवाद समाधान भनिन्छ ।

दुई पक्षबाट समाधान हुने प्रकृया (Diodic)

विवाद वा द्वन्द्वका दुई पक्षबीच तेश्रोपक्ष नराखीकन समाधान हुने प्रक्रियालाई द्वीपक्षीय विवाद समाधान भनिन्छ । यसमा वार्ता (Negotiation) र परामर्श (Counselling) प्रकृयाहरु अपनाइन्छ । जव राम र श्यामकाबीच विवाद हुन्छ तब उनीहरुमात्रै बसेर समाधान गर्ने तरिका वार्ता हो । कुनै बेला एकपक्षले तेश्रो पक्षलाई उजुरी गर्न सक्छ तर तेश्रोपक्षले उजुर सुने

पछि उनीहरुलाई आफैं बस्न र आपसी समाधान निकाल्न प्रेरणा अथवा सल्लाह दिन्छ र आफू बाहिरिन्छ । यसपछि द्वन्द्वरत दुईपक्षहरु बसेर विवादको छिनोफानो गर्ने विधिलाई परामर्श भनिन्छ । यो विधि संसारमै अत्यन्तै प्रचलनमा रहेको सर्वोत्कृष्ट विधि पनि मानिन्छ ।

तेश्रोपक्षको उपस्थितिमा विवाद समाधान विधि (Triodic)

द्वन्द्वरत दुई वा सोभन्दा बढी पक्षहरुकाबीच तेश्रो पक्षको उपस्थितिमा हुने विवाद समाधान विधिलाई भनिन्छ । यसमा विवादका पक्षहरुले गरेको उजुरी सुनेपछि तेश्रो पक्षको उपस्थितिमा विवाद समाधानका लागि प्रयास गरिन्छ । यसलाई दुईभागमा विभाजन गरेर हेर्न सकिन्छ ।

क) विगत उन्मुख विधि (Past Oriented Method)

द्वन्द्वरतपक्षहरुका बीचमा पहिला के भएको थियो त्यसका सबुद प्रमाण के के थिए ? देख्ने सुन्ने साक्षी प्रमाण के के छन् र पक्षहरुले के के कुराको माग गरेका छन् भनेर माग दावीका आधारमा विगतका तथ्य प्रमाणहरुको प्रस्तुती तिनीहरुको छानबीन गरेर विवाद समाधान गर्ने विधिलाई विगत उन्मुख विधि भनिन्छ । यसमा विवाद समाधान गर्ने निकायहरुमा नातागोता, छरछिमेकी, समाज, बुद्धिजीवि, विभिन्न सँघसँस्थाहरु, गाविस, जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय, मालपोत भुमिसुधार, भन्सार, श्रमविभाग र अदालतहरु पर्दछन् । यी निकायहरुमा परेका विवादहरुलाई द्वन्द्वरत पक्षहरुले गरेको मागदावी अनुसार प्रमाणहरुको प्रस्तुती गर्न लगाई न्याय निरोपण गरी समाधान गरिन्छ । यी निकायहरुलाई पनि दुईभागमा विभाजन गरिन्छ । औपचारिक निकाय र अनौपचारिक निकाय ।

औपचारिक निकायलाई पनि दुईभागमा विभाजन गरिन्छ । अदालतहरुलाई न्यायिक निकाय र गाविस, नगरपालिका, जिल्लाप्रशासन कार्यालय, प्रहरी कार्यालय लगायत विवाद छिनोफाने गर्न कानुनले अधिकार दिइएका सरकारी निकायहरुलाई अर्ध न्यायिक निकाय भनिन्छ । बाँकी समाज, नातागोता, छरछिमेकी, समाज, बुद्धिजिवी, संघसंस्थाहरु अनौपचारिक निकाय भनिन्छ । अदालत बाहेक अन्य निकायमा विवादको छिनोफानो गर्ने विधिलाई विवादको बैकल्पिक समाधान गर्ने विधि Alternative Dispute Resolution (ADR) पनि भनिन्छ ।

यी माथि बताएका निकायहरुमा विगतका तथ्य, साक्षी प्रमाणहरुको प्रस्तुती पछि विवाद हेर्ने तेश्रोपक्षले समाधानका निर्णय दिने गरिन्छ ।

भविष्य उन्मुख विधि (Post Orieanted Method)

तेश्रो पक्षको उपस्थितिमा द्वन्द्वरतपक्षहरुको इच्छा चाहना र आश्यकतालाई उनीहरुबीच मै आपसी छलफल गराइ भविष्यमा कसरी राम्रो वातावरण सृजना गर्न सकिन्छ भन्ने बारेमा

पक्षहरुको मत धारणामा उनीहरुलाई नै निष्कर्ष निकाल्न सहयोग वा सहजीकरण गरी समाधान निकाल्ने विधिलाई भविष्य उन्मुख विधि भनिन्छ । यसमा सबुद प्रमाणको प्रस्तुती पक्षहरुको चाहना र आवश्यकताका आधारमा हुने गर्दछ । तेश्रोपक्षको भुमिका खाली सहजकर्ताको मात्र हुन्छ । विवादलाई कसरी असल र सही समाधानमा पुऱ्याउने सम्पूर्ण भूमिका पक्षहरुकै हुन्छ ।

यहाँ तेश्रो पक्षले निर्णय दिदैन र मिल्नका लागि दवाव पनि सिर्जना गर्दैन बरु सकारात्मक तरिकाले मिल्नका लागि सहयोग मात्र गर्दछ । यसमा मागदावी लिखित वा अलिखित जे भएपनि विवाद के कारणले भयो चुरोकुरो पत्ता लगाउने शीपको प्रयोग गरिन्छ । विवादबाट हुने हानी र समाधानबाट हुने फाइदाका बारेमा पक्षहरुलाई चिन्तन मनन गर्न सहयोग गरी सम्पूर्णरुपमा विवादको जरैबाट उखेलेर स्थायी समाधानाका लागि पक्षहरुलाई अभिप्रेरणा गरिने हुनाले यो विधिलाई भविष्य उन्मुख विधि भनिन्छ । यसमा गोपनीयता, तठस्थता, पक्षहरुको स्वनिर्णय वा आत्मानिर्णयलाई अत्यन्तै ध्यान दिइन्छ । मेलमिलापबाट द्वन्द्व वा विवाद समाधान विधि पनि यही प्रकृयाबाट अभिप्रेरित छ ।

मेलमिलापको सिद्धान्त[5]

- **स्वेच्छा पूर्वक:** मेलमिलाप भन्नाले द्वन्द्वरत पक्षहरुको स्वेच्छामा आधारित हुन्छ । मेलमिलापमा बस्ने, मेलमिलापमा आफ्ना कुराहरु माग दावी राख्ने, सहमती बनाउने कुरा पक्षको स्वेच्छामा हुनुपर्दछ । परम्परागत द्वन्द्व समाधानमा पहिलो पक्षले उजुरी गरेपछि दोश्रोपक्षलाई जब्बरजस्ती ल्याउने नआएमा हामी समाजलाई किन पत्याउँदैनस

[5] परिवर्तनका संवाहकहरुको क्षमता अभिवृद्धिद्ध तालिम सहयोगी पुस्तिका : घरेलु हिंसा विरुद्ध पूर्वाञ्चल नेटवर्क २०६६

भन्ने प्रचलन थियो र अझैपनि छ । तर द्वन्द्वको दोश्रोपक्ष मेलमिलापमा आउन चाहँदैन भने करकाप गरेर ल्याइदैन ।

- **विश्वसनीय गोप्यः** मेलमिलापमा गरिएका कुराहरु र राखिएका शर्तहरुको गोपनीयतालाई बचाइनु पर्दछ । पश्चिमीदेशहरुमा त मेलमिलापमा बस्नु पूर्व सिद्धान्तको सहमतीको कागजमा हस्ताक्षर गरिन्छ । अझ प्रष्टसँग भन्नुपर्दा मेलमिलापको क्रममा उठेका कुराहरु अन्यत्र (अदालत वा अन्य निकायमा) प्रमाणको रुपमा लिइने छैन भन्ने कागजमा हस्ताक्षर गरेपछि मात्र मेलमिलाप प्रकृया शुरु गरिने हुँदा यो विश्वसनीय र गोप्य हुनुपर्दछ । हाम्रो मेलमिलाप सम्बन्धी ऐन २०६८ को दफा ३७ र ३८ ले मेलमिलापमा गरिएका कुरालाई गोप्य राखिने र प्रमाणमा लिन नमिल्ने व्यवस्था गरेको छ ।

- **तटस्थ मेलमिलापः** मेलमिलापकर्ता सकेसम्म दुवैपक्षले रुचाएको तटस्थ निष्पक्ष हुनुपर्दछ । हाम्रो जस्तो समाजमा निष्पक्षता माथि नै शंका उठ्छ र उठाइन्छ किनकि हामीहरुकहाँ यस्तो अभ्यास कम छ । नाता, राजनीति, जातीयता, वर्गीय, लैङ्गिकताको पक्षपोषण गर्ने बानी र स्वभाव हामीहरुबीच धेरै छ । स्वतन्त्र मेलमिलापकर्ताको राज्यबाट वा अन्य मेलमिलाप केन्द्रहरु बिकसित भएका वा निकायहरु छैनन र यसकालागि लागि कुनै तोकिएको आधार पनि हामीकहाँ छैन । त्यसैले तालिमप्राप्त मेलमिलापकर्ताहरुको पहलमा यसको निश्पक्षता तटस्थताको जानकारी गराइ व्यवहारिकरुपमा निष्पक्षता कायम राख्न मेलमिलाप ऐनको दफा ४१ मा व्यवस्था गरेको छ ।

- **द्वन्द्वरत पक्षहरुको आफ्नै अठोटमा निर्णय लिने र द्वन्द्व समाधानः** माथि नै चर्चा गरियो कि मेलमिलाप स्वेच्छामा आधारित हुन्छ । यसको महत्वपूर्ण पक्ष भनेको नै मेलमिलापकर्ताले द्वन्द्वरत पक्षहरुलाई यसरी विवादको समाधान गर भनेर निर्णय गरिदैन । द्वन्द्वरत पक्षहरुको आपसी सहमतीमा उनीहरुको इच्छा, चाहना र आवश्यकताका आधारमा उनीहरुकैबीचमा सहमती खोज्ने र उनीहरुले बनाएको कार्यविधिका आधारमा उनीहरुबीचमा निर्णय निकाली मेलमिलापकर्ताहरु साक्षीको रुपमा मात्र रहने र आफ्नो विवाद आफैं समाधान गऱ्यौं भनी जीत जीतको अवस्था सिर्जना गर्नु हो । यसमा मेलमिलापकर्ताले प्रचलित कानुनले नगर्नु भनेको कुरामा सहमती भएर पक्षहरु फेरि अप्ठ्यारोमा नपरुन् भन्ने कुरामा मात्र ध्यान दिनु पर्छ । तर कानुनी प्रवाधान यस्तो छ यसरी मिल्नु पर्छ भनेर मेलमिलापकर्ताले निर्णय दिनु हुदैन ।

- **तल्लिन, ध्यानकेद्रित मेलमिलापः** मेलमिलाप एउटा यस्तो प्रकृया हो जस्मा मेलमिलाप कर्ताले हतारोमा मेलमिलाप गर्न गराउन सकिदैन । एकपक्षको मात्र कुरा सुन्ने, विवादको जरो चूरो कहाँसम्म पुगेको छ नबुझ्ने र सतहीढंगले हेर्दा मात्र मेलमिलाप गर्न गाह्रो हुन्छ र मेलमिलाप भएपनि दीगो हुँदैन । त्यसैले मेलमिलापकर्ताले द्वन्द्वको

सुक्ष्म विश्लेषण गर्ने त्यसमा आफू कतैतिर झुकेको छु कि कसैलाई नजिक टाढा बनाउदैछु कि भन्ने कुरामा चनाखो रहनु पर्दछ । मानवीय स्वभावका आधारमा पक्षप्रति झुकाव हुने खतरा ज्यादै रहन्छ यसो भयो भने एकपक्षलाई फाइदा पुग्छ अर्को पक्ष मेलमिलापप्रति चिढिन सक्छ । त्यसैले होशियारीसाथ ध्यानपूर्वक निश्पक्ष, तष्स्थ र दुवैपक्षलाई मान्यहुने भाषा र व्यवहार गर्न ध्यान दिनु पर्दछ । जसको कारण दुवैपक्षले मेलमिलापकर्ता मेरो हितमा काम गर्दैछ भन्ने महसुश गरोस् ।

मेलमिलाप र मध्यस्थताबीच फरक

मध्यस्थता (Arbitration)

द्वन्द्व समाधान गर्ने विधिहरु मध्ये मध्यस्थता पनि अर्को प्रचलित विधि हो । **विवाद वा द्वन्द्वका पक्षहरुको विवाद समाधान गर्दा "मध्यस्थतामा मध्यस्थकर्ताहरुले प्रमाणहरु हेर्ने, बुझ्ने, जाँच्ने कार्यगरी न्यायाधीशले जस्तै निर्णय समेत दिन्छन जुन पक्षहरुकालागि बाध्यकारी निर्णय हुने गर्दछ" ।**[6] माथिको परिभाषाबाट यो सिद्ध हुन्छ कि मेलमिलाप निर्णय नदिने प्रकृया हो भने मध्यस्थतामा निर्णय प्रधान हुने गर्दछ ।

जुन-जुन निकायहरुले मध्यस्थता संचालन गर्ने कानुनी अधिकार पाएका हुन्छन् ती निकायहरुले मेलमिलाप सम्बन्धि तालिमप्राप्त मध्यस्थकर्ताहरुको सूची राखिएको हुन्छ । द्वन्द्वका पक्षहरुले सूचीमा नाम भएका मध्यस्थकर्ताहरु मध्ये एक-एक जनालाई रोज्दछन् । मध्यस्थकर्ताको सूचीमा भएका संयोजक वा तोकिएको व्यक्ति थप एक जना गरी तीनजनाको मध्यस्थकर्ताहरु कुनै पनि द्वन्द्व निरुपणका लागि छानिन्छन् । छानिएका मध्यस्थकर्ताहरुले कानुनी कार्यविधिका आधारमा द्वन्द्वको समाधानका लागि कार्य गर्दछन् । यसमा पनि धेरै कुराहरु मेलमिलापसँग मिल्दछन् । तर द्वन्द्वरत पक्षहरुबीचमा प्रमाण बुझ्ने, सुनुवाइ गर्ने, बहसकर्ता मार्फत बहस पैरवी गराउने, द्वन्द्वरत पक्षहरु समाधानमा पुग्न नसकेमा फैसलासमेत गर्ने गरिन्छ । फैसला उपर चित्त नबुझेमा शुरु अदालतमा (जिल्ला अदालतमा) पूनरावेदन गर्ने समेतको अधिकार मध्यस्थतामा हुन्छ ।

यसरी हेर्दा मध्यस्थतामा पक्षहरुको भावनात्मक मिलाप भन्दा पनि प्रमाणका आधारमा फैसला हुने भएकोले यो अलि लामो प्रकृया, खर्चिलो, कानुनी कार्यविधि अनुरुप संचालन हुने र फैसलामा चित्त नबुझेमा पुनः माथिल्लो निकायमा पुनरावेदन गर्न समेत पाउने हुनाले स्थायी समाधान कम हुने सम्भावना रहन्छ । यो प्रकृयामा मेलमिलापको कार्यविधि मध्यस्थकर्ताले निर्धारण गर्ने र कानुनबमोजिम बढ्ने भएकोले यसलाई औपचारिक विधिमा लिइन्छ । यसमा पक्षहरुबीचमा हार र जीतको अवस्था रहने बढी सम्भावना हुन्छ । पक्षहरुले रोजेको विकल्पमा मेलमिलाप नभएमा मध्यस्थकर्ताहरु समक्ष गोप्य तरिकाले आ-आफूलाई मान्य हुने प्रस्ताव पेश गर्दछन् र मध्यस्थकर्ताले आएका प्रस्तावहरु मध्ये कुनै एउटा प्रस्ताव छान्न सक्दछन् । यसरी

[6] **American Arbitration Association page 1 see** www.aaamediation.com

प्रस्ताव छान्दा आफ्नो प्रस्ताव नपर्ने हुन सक्ने भएकाले मानसिक दवाव महसुस गरी प्रस्ताव प्रस्तुत गर्न पक्षहरु बाध्य हुन्छन् भन्ने यसको मुख्य उद्देश्य हो ।

मेलमिलाप र मध्यस्थताबीच फरक (Differences between Mediation and Arbitration)[7]

मेलमिलाप र मध्यस्थता दुवै द्वन्द्व समाधान गर्ने वैकल्पिक उपायहरु हुन् । यिनीहरुबीच धेरै भिन्नताहरु पनि छन् । जसलाई निम्नानुसार हेर्न सकिन्छ :

प्रक्रिया	मेलमिलाप (Mediation)	मध्यस्थता (Arbitration)
निर्णय निर्माण	स्वेच्छिक	अनिवार्य
निर्णयकर्ता	पक्षहरु स्वयं	मध्यस्थकर्ता
नियन्त्रण	पक्षहरुमा	कानुन व्यवशायी
कार्यविधि	अनौपचारिक	औपचारिक वा कम औपचारिक
समयावधि	३ महिना	३ महिनाभन्दा बढी
खर्च	कम	बढी
सरोकार	विषयगत र वैयक्तिक	बस्तुगत र अवैयक्तिक
समाधानमा जोड	भविष्य उन्मुख	विगत उन्मुख
सार्वजनिकता	गोप्य /कानुनद्वारा नै संरक्षित	सार्वजानिक
पक्षहरुको सम्बन्ध	सहयोगी	प्रतिद्वन्दी/वादी प्रतिवादी
प्रमाणहरुको प्रस्तुति	स्वेच्छिक	बाध्यात्मक
नतिजा	जीत-जीत	हार- जीत/जीत-हार
सम्झौता परिपालना	सामान्यतया सम्मान गरिने	अक्सर प्रतिरोध/ अपील गरिने
समाधान शैली	रचनात्मक/सामाजिक मूल्यमान्यतालाई संरक्षण	कानुनी
कार्यान्वयन अवधि	४५ दिन भित्रमा	अनिश्चित (पुनरावेदन लाग्न सक्ने हुनाले)

मेलमिलापका सीमा

मेलमिलाप प्रक्रियाद्वारा द्वन्द्व व्यस्थापन गर्ने काम संसारभर लोकप्रिय, सरल र उत्तम उपायका रुपमा लिइन्छ । व्यबहारिकरुपमा मेलमिलापलाई धेरै क्षेत्रहरुमा प्रयोग पनि गरिन्छ ।

[7] जनअधिकार संरक्षण मञ्च नेपाल मेलमिलाप तालिम निर्देशिका पेज नं. ३७

आजभोलि मेलमिलाप प्रकृयालाई अदालत र अन्य औपचारिक निकायहरुले पनि अगाडि बढाएको पाइन्छ । तथापि मेलमिलापका केही सीमाहरु रहेकाछन् । विशेष गरेर केही खास प्रकृतिका द्वन्द्वहरु मेलमिलाप प्रकृयाबाट समाधान गर्न सकिदैन । जुन निम्नानुसार छन् :

- सरकारवादी हुने फौजदारी मुद्दाहरुमा मेलमिलाप प्रकृयाबाट समाधान गर्न सकिदैन ।
- मेलमिलापमा आउने पक्षहरुको स्वेच्छिक कुरा हो, बलजफ्ती गरेर मेलमिलाप गराउन सकिदैन ।
- गम्भीर मानवअधिकार उल्लंघन भएका मुद्दाहरुमा मेलमिलाप प्रकृयाद्वारा समाधान गराउन सकिदैन ।
- एउटा पक्ष धन, पहुँच, बल आदिको आधारमा सक्षम र अर्कोपक्ष गरिब र पहुँच नभएको अवस्था छ भने अथवा राजनीतिक दवाव, मनोवैज्ञानिक तनाव वा दवावयुक्त देखियो भने मेलमिलापबाट विवाद समाधान सम्भव नहुन सक्छ ।

मेलमिलापका चरण

मेलमिलाप एउटा चरणबद्ध द्वन्द्व समाधान विधि हो । यसमा मोटामोटी तीनवटा चरणमा आठवटा प्रकृयाहरु अपनाइन्छन् ।

१. मेलमिलाप पूर्वको चरण

क. पक्षहरुसँग भेटघाट विवादको अवस्थाको जानकारी लिने र विश्वासको वातावरण निर्माण

ख. द्वन्द्वको विश्लेषण गर्ने र द्वन्द्वको कानुनी अवस्थाको बारेमा जानकारी लिई मेलमिलापको तयारी ।

२. मेलमिलापको चरण

क. मेलमिलापको परिचय, मेलमिलाप सभा र कानुनी प्रकृयाको जानकारी गराउँदै सभाको व्यवस्थापन,

ख. द्वन्द्वरत पक्षहरुसँग द्वन्द्वको घटना बुझ्ने र मुख्य सवालको पहिचान

ग. सवालहरुका आधारमा छलफल र अवधारणा साटासाट

घ. विकल्पहरुको खोजी र समाधानका लागि सहमतीको निर्माण ।

३. सहमती र अनुगमनको चरण

क. सहमतीहरुको मूल्याङ्कन, उत्तम विकल्पको खोजी र समाधानका उपायहरुको पहिचान

ख. सहमतीमा हस्ताक्षर र सहमतीको अनुगमन तथा मुल्याङ्कन

मेलमिलापका चरणहरु[8]



[8] Graphic design adapted from: Richter and UN HABITAT, *Conflict Resolution and Mediation*, p. 109.

मेलमिलाप पूर्वको तयारीको चरण

यो चरणमा द्वन्द्वरत पक्षहरुको विश्वास मेलमिलापकर्ताले जित्ने र विवादको चुरोकुरा पत्ता लगाउने गरिन्छ । यसमा द्वन्द्व कसरी भयो ? कहिलेबाट भयो ? यसमा कुन कुन पात्रहरुको कस्तो भूमिका रहेको थियो भन्नेकुरा सुक्ष्मढङ्गले अध्ययन गरिन्छ । द्वन्द्वको हालको अवस्था कस्तो छ ? यसका कानुनी प्रकृया र अवस्था के छ भन्ने कुरालाई पनि गहिरो गरी अध्ययन गरिन्छ । द्वन्द्व हुनुपूर्व पक्षहरुबीचमा सम्बन्ध कस्तो थियो ? द्वन्द्व समाधान पछि उनीहरु कस्तो वातावरण भएको देख्न चाहन्छन् ? भविष्यमा कस्तो समाधान होस भन्ने द्वन्द्वरतपक्षहरुको चाहना छ र उनीहरुको वास्तविक आवश्यकता के के हो भन्ने कुरालाई मसिनो गरी जानकारी लिने र समाधानका लागि मेलमिलाप विधि नै उनीहरुले अपनाउनु पर्ने कारणको पनि खोजी यो चरणमा गरिन्छ । यसकासाथै द्वन्द्व समाधानका लागि मेलमिलापकर्ता आफैं सक्षम छ कि अन्य कसैको सहायता लिनु पर्दछ भनी मेलमिलापकर्ताले आत्म समीक्षा पनि यो चरणमा गरिन्छ । यसकालागि निम्न प्रकृया अपनाउनु पर्दछ ।[9]

चरण १: द्वन्द्वरत समूहलाई (द्वन्द्वका सबैपक्षलाई भेट गर्ने) सम्पर्क गर्ने, विश्वसनीय वातावरणको निर्माण र अभिमुखीकरण : मेलमिलापकर्ताले द्वन्दका दुवैपक्षलाई भेट गर्ने र मेलमिलापका लागि उनीहरुको इच्छा चाहनाको बारेमा सोध्ने, मेलमिलापको ढाँचा तथा प्रकृतिकोबारेमा व्याख्या गरेर मेलमिलापको धारणाको बारेमा बताइदिने काम गर्नु पर्दछ । यो चरणमा मेलमिलापमा हुने निश्पक्षता र तटस्थताको बारेमा जानकारी गराउनु पर्दछ । यो अवस्थामा खुल्ला प्रश्नहरु द्वन्द्वरत पक्षलाई सोध्नु पर्दछ । यहाँ ख्याल राख्नु पर्ने कुरा– अर्को पक्षले यसो भन्थ्यो त भनेर प्रश्न सोधियो भने सहीकुरा बताउँदैनन् । त्यसैले बढी सूचना लिने काम गर्नु पर्दछ । अर्को पक्षलाई पनि म फेरि बुझ्छु भनेर उसको यथार्थ सूचनामात्र लिनु पर्दछ । प्रश्नहरु जस्तैः-

- पक्षहरुको द्वन्द्वहुनु पूर्वसम्मको सम्बन्ध र हालको सम्बन्ध
- द्वन्द्वका कारणहरु
- द्वन्द्वमा अन्य मानिसहरुको संलग्नता
- द्वन्द्वका समयमा गरिएका गतिविधिहरु, भनिएका भनाइहरु
- घटना सम्बन्धि कानुनी प्रवधान वा दृष्टिकोण र
- द्वन्द्वरत समूहले मेलमिलापबाट पुनःसमाधान खोज्नुको कारण आदि

चरण २: द्वन्द्वको विश्लेषण र तयारीः यो चरणमा द्वन्द्वको विश्लेषण गरिन्छ । यसका लागि मेलमिलापकर्ताले द्वन्द्व परिप्रेक्ष विधि Conflict Perspective Analysis र प्याजेपत्र विधि (Onion Method) को महसुश (Felling) र आवश्यकता (Need) पहिचानका विषयहरु, प्रतिविम्ब (Mirroring) कस्तो छ पत्ता लगाउनु पर्दछ साथै कुनठाउँमा कहिले मेलमिलाप गर्ने

[9] From inmedio berlin

बसाई व्यवस्थापनका तयारीहरु सहित निम्न कुराको पनि यथेष्ट अध्ययन गर्नु यो चरणको कार्य हो । ***भनिन्छ मेलमिलाप पूर्वको यी दुईवटा चरणमै आधा विवाद समाधान भैसकेको हुन्छ ।***

- घटना मेलमिलापको लागि मिल्दो सुहाउँदो छ ?
- द्वन्द्वरत समूहवीच शक्ति सम्बन्ध कस्तो छ ?
- उनीहरुलाई मेलमिलापको लागि के ले प्रेरणा मिल्यो ?
- घटना सम्बन्धि कानुनी प्रावधानहरु के छन् ?
- द्वन्द्व कत्तिको मात्रामा चर्किएको छ ?
- बाह्य दवाव वा पक्षहरुको अवस्था मनोवैज्ञानिक अवस्था समेत कस्तो छ ?
- यो घटनाको मेलमिलापका लागि हामी सही मेलमिलापकर्ता हुन सक्छौं कि अन्य कसैको सहयोग चाहिन्छ ?
- कसरी हामीहरु मेलमिलापको नमूना तयार पार्छौं ?
- द्वन्द्वको सवालहरु (द्वन्द्वरत पक्षका महसुश कस्ता छन् र आवश्यकताहरु) के के हुन र सम्बोधन गरिनु पर्ने प्रश्नहरु के के हुन् ? हामीबीचमा कामको विभाजन कसरीगर्ने ?
- कुन समयमा कहाँ कस्तो वसाई व्यवस्थापन गर्ने ? जस्ता कामकुराहरु यो चरणमा हुन्छ । यो मेलमिलापकर्ताको तयारीको चरण हो ।
- **यसपछि मेलमिलाप सभाको चरणमा प्रवेश गरिन्छ ।**

मेलमिलापको चरण

यो चरणको सबभन्दा पहिलो काम मेलमिलापका सिद्धान्तको व्याख्या, विश्वासको वातावरण निर्माण गरी गोप्य, तटस्थ, विश्वासी, निर्णयमा पक्षहरुको आत्मनिर्णय र स्वेच्छिक मेलमिलापको बारेमा बताइन्छ र मेलमिलापमा पक्षहरुको बसाइको व्यवस्थापन गरिन्छ । हामीहरुकहाँ द्वन्द्वरत पक्षहरुलाई आमनेसामने राखी मेलमिलापकर्ता बीचमा बस्ने गरिन्छ । यस्तो बसाइ व्यवहारिकरुपमा ठीक नहुने हुनाले द्वन्द्वरतपक्षलाई आफूतिर फर्काइ मेलमिलापकर्ता बीचमा बस्नु उपयुक्त हुन्छ ।

यस्तो बसाइमा मेलमिलापकर्तातर्फ पक्षहरु आमनेसामने हुन्छन् । आफ्नो प्रतिद्वन्दीलाई शुरुका अवस्थामा नहेर्न सक्छन् । उनीहरु आपसमा नहेर्ने पनि हुन्छन् ।

त्यसपछि मेलमिलापकर्ताले उनीहरुको स्वागत र अभिवादन गर्नु पर्दछ । यो मेलमिलापमा ज्यादै महत्वपूर्ण मानिन्छ । त्यसपछि नियम बनाउने र उनीहरुको घटना भन्न लगाउने (कथा बाचन) गरिन्छ । यसमा पक्षहरु आवेगमा आउने निरन्तर एक अर्कालाई आरोपप्रत्यारोप गर्न उद्दत हुने हुनाले आवेग रोक्ने र विषय केन्द्रित बनाउन भावानुवाद, गोलाकार र रणनीतिक प्रश्न सोध्ने कार्य गरिन्छ । भावानुवादले आवेग रोक्छ, मेलमिलापकर्ता प्रति विश्वास जगाउँदछ, अर्कोपक्षलाई महशुस गराउँदछ । गोलाकार प्रश्नले पक्षहरुको अवधारणा एकअर्कामा साटासाट गराउँदछ र

रणनीतिक प्रश्नहरुले विकल्प निकाल्न मद्दत गर्दछ । जसका लागि निम्न विधिहरु चरणबद्धरुपमा प्रयोग गरिन्छ :

चरण ३: मेलमिलाप सम्बन्धि परिचय : मेलमिलापकर्ता र द्वन्द्वरत समूहहरुबीच स्पष्टता र विश्वासको वातावरण निर्माण गरिने काम यो चरणमा हुन्छ ।

- द्वन्द्वरत पक्षहरुलाई बोलाएर दुवैपक्षको वीचमा मेलमिलाप के हो ? मेलमिलापकर्ताको भूमिका के हो बताउनु पर्दछ जसले द्वन्द्वरत पक्षहरुलाई साझा समाधान खोज्न तर्फ सहयोग पुऱ्याउने वातावरण सिर्जना होस् ।
- जस्तै यो मेलमिलापलाई मर्यादित र व्यवस्थित गर्न हामीहरुबीचमा कस्ता नियमहरु बनाए प्रभावकारी हुन्छ होला ? भनी द्वन्द्वरत पक्षहरुलाई नियम बनाउन प्रेरणा दिइन्छ । तर हाम्रो नियम यस्तो छ पालैपालो बोल्ने एउटाको कुरा अर्कोले नकाट्ने भनेर मेलमिलापकर्ताले नियम सुनाउँनु हुँदैन ।
- मेलमिलापका आधारभूत नियमहरुको परिभाषा पालैपालो बोल्ने एउटापक्षको कुरा सकिएपछि अर्कोपक्षले कुरा राख्ने काम कसरी बनाउन सकिन्छ ? भनी पक्षहरुलाई अभिप्रेरित गर्नु पर्दछ ।
- कानुनी प्रावधान चरण दुईमा उल्लेख गरेको कुरा दुवैपक्षलाई बताउनु पर्दछ । मेलमिलाप सम्झौता समेत यो चरणमा गरिन्छ ।
- मेलमिलाप अवधिभरका लागि अन्य कानुनी कारबाही स्थगन हुने भनी पश्चिमी देशहरुमा मेलमिलापमा गरिएका कुरालाई प्रमाणमा नलिने समेतको कागजमा हस्ताक्षर गरिन्छ ।
- हाम्रो मेलमिलाप सम्बन्धि कानुनले पनि पक्षहरुको मेलमिलापको भनाईलाई सुरक्षा गरेको पाइन्छ भनी स्पष्टरुपमा बताउनु पर्दछ । यसकालागि मेलमिलाप ऐनको दफा ३७ र ३८ पढेर सुनाएमा विश्वासको वातावरण तयार गर्न सजिलो हुन्छ । त्यसपछि सामुहिक योजना बनाई मेलमिलाप प्रकृया अगाडि बढाइन्छ ।

चरण ४: कथाबाचन (द्वन्द्वको घटनाको प्रस्तुती) र द्वन्द्वका सवालहरुको पहिचान : यो चरणमा द्वन्द्वरत पक्षहरुले पालैपालो आफ्नो घटना बताउने र अर्को समूहले सुन्ने काम गरिन्छ ।

- महत्वपूर्ण कुराहरुको जानकारी अर्को पक्षलाई गराउन र मेरोकुरा मेलमिलापकर्ताले ध्यानपूर्वक सुनिरहेको छ भन्ने विश्वास दिलाउन उनीहरुका भनाइको भावानुवाद वा सारांश गर्नु पर्दछ । जसलाई संचारशीप शीर्षकमा विस्तृत रुपमा राखिएको छ ।
- सारांश गर्दा अर्कोपक्षलाई आरोपित गर्ने भाषा प्रयोग भएमा मेलमिलापकर्ता प्रति पूर्वाग्रह राख्ने हुनाले यसमा मेलमिलापकर्ता अत्यन्तै होसियारी हुनु पर्दछ ।
- जस्तो कि ***"ए हानी पुऱ्याउने गरी उहाँले काम गर्नु भयो भनेर तपाईले भन्नुभएको कुरा मैले ठीक बुझें ? "*** भनेर पक्षहरुले बताएका कुराहरुको सारांश गर्नु पर्दछ ।

- यसमा मेलमिलापकर्ता पक्षहरुको दुःख पीडामा डुबेको हुनु पर्दछ । हाँस्ने दिल्लगी गर्ने कुराले पक्षका मनमा आघात वा चोट पुग्न सक्छ । तसर्थ मेलमिलापकर्ता अत्यन्तै होशियारी हुनु पर्दछ ।

क) **द्वन्द्वका सवालको टिपोट गर्ने :** दुवैपक्षलाई मान्य हुने र दुवैपक्षको सहमतीमा कथावाचन पछि संक्षिप्त रुपमा सवालहरुको टिपोट गर्नु हो यसमा मुख्य शब्दको मात्र टिपोट गरिन्छ । जब कि अर्को बाहिरी व्यक्तिले हेर्दा त्यो द्वन्द्वको सवाल हो भनेर पहिचान गर्न नसक्ने हुन्छ भने पक्षहरु दुवैलाई स्वीकार्य सवाल पनि हुन्छ ।

- यसका लागि तटस्थ शब्दको प्रयोग गर्नु पर्दछ । त्यस्ता शब्दको छनौट गर्न आवश्यकता पहिचानका शब्दहरुको उपयोग गर्न सकिन्छ । उक्त शब्दहरु द्वन्द्व विश्लेषण शीर्षकमा समावेश गरिएका छन् ।

चरण ५: सवाल, चाहनाहरु र आवश्यकताहरुमा स्पष्ट रहने र अवधारणाहरुको साटासाट गर्नु: यसमा अर्कोपक्षको अवधारणा तर्फ केन्द्रित बनाउने शीपको प्रयोग गरिन्छ । खासगरी द्वन्द्वरतपक्षहरु अर्को पक्षको कुरा ध्यानपूर्वक सुन्न चाहदैनन् । त्यसैले यहाँ अर्को पक्षलाई कुरा सुनाउन र उसको भावना सुनाउन कोशिस गरिन्छ ।

क) चौथो चरणमा निकालिएका सवालहरु मध्ये सजिलो सवालबाट अगाडि बढ्न पक्षहरुलाई सवाल छनौट गराइन्छ । तर कतिपय अवस्थामा अलग अलग सवाल छानेर पक्षहरु अडान लिनपनि सक्छन् त्यस्तो बेलामा मेलमिलापकर्ताले तेश्रो सवालबाट अगाडिबढ्न प्रेरणा दिने वा गोलाप्रथा गर्ने अवस्था हेरी जुक्ति भिक्नु पर्दछ ।

ख) सवालको गहिराइमा पुग्नका लागि प्याजेपत्रको भित्री तहसम्म पुग्न कोसिश गर्नु पर्दछ ।

- यसका लागि अवधारणा साटासाट गर्ने "के तपाईंलाई यो कुरा थाहा थियो ? जब तपाईंले यो कुरा सुन्नु भयो तपाईंलाई कस्तो महसुश भई रहेको छ ?"
- अब दोश्रो पक्षलाई भावानुवाद गर्दै "पहिलो पक्षले भरखरै भनेको भनाइबाट तपाईले के बुभ्नु भयो, तपाईको कानसम्म के कुरा पुग्यो ? उहाँको भनाइ अनुसार तपाईंका लागि अति महत्वपूर्ण के के कुराहरु रहे ?" जस्ता प्रश्नहरु गर्दै दुवै पक्षको भावनात्मक सम्बन्धको साटासाट गराउने ।

ग) गोलाकार प्रश्नको प्रयोग

- "तपाई रामले यो कुरा गर्दा उहाँले श्यामको मनमा कस्तो महसुश भई रहेको होला ? श्यामले कस्तो धारणा बनाइ के सोची रहनु भएको होला भन्ने

तपाईंलाई लागिरहेको छ ? भनेर रामको भनाइ सुनेपछि श्यामको सोचाइ बताउँन रामलाई नै सोधिने प्रश्नलाई गोलाकार प्रश्न भनेर संचार शीर्षकमा उल्लेख भएका प्रश्नहरु सोध्नु पर्दछ ।

- तपाईंहरुको बीचमा के के भएको थियो भन्नेबारेमा व्याख्या भएको थियो सोको व्याख्या सुन्दा तपाईलाई कस्तो लागिरहेको छ ?"

चरण ६: विकल्पहरुको खोजी गर्नु : संभवभएसम्म धेरै विकल्पहरुमा काम गर्ने । सारांश गर्दै जाने, चिन्तशील र रणनीतिक प्रश्न सोध्ने जस्तै :-

- "अव तपाईंले उहाँलाई विश्वास दिलाउन के गर्नु पर्दछ र उहाँले के गरेमा तपाईंको विश्वास जित्न सक्नु हुन्छ होला ?"
- उहाँले कसरी तपाईको के काम, व्यबहारबाट तपाईं जस्तै इमान्दार हुनुहुन्छ भन्ने थाहा पाउन सक्नुहुन्छ ? उहाँले के के गरेमा उहाँ जस्तै तपाईको इमान्दारिता उहाँले थाहा पाउनु हुन्छ ?"
- अनुमान गर्नुहोस तपाईलाई मनपर्ने समाधान निस्केन अब तपाईको लागि अन्य उत्तम समाधान के हुन्छ ?"
- यदि यो मिलाप भएन भने तपाईंलाई के हुन्छ होला भन्ने डर छ ? जस्ता प्रश्नहरुबाट पक्षहरुको भावना र विचारको आदान प्रदान गदै आएका निश्कर्षहरुलाई प्रष्टरुपमा समाधानका विषयहरु टिपोट गर्दै जानु पर्दछ ।
- "लौ परिकल्पना गर्नुहोस यो मेलमिलाप सफल भयो भनेर तपाईहरु कसरी थाहा पाउनु हुन्छ ? तपाईहरुबीचको परिस्थिति अझै राम्रो बनाउन तपाईहरुले भविष्यमा के के गर्नु पर्दछ ?"
- कतिपय अवस्थामा विरोधाभाष प्रश्न पनि गर्नु पर्दछ । यस्तो प्रश्नले सकारात्मक परिवर्तनका लागि प्रेरणा दिन्छन् । जस्तै "यो द्वन्द्वलाई अझै खराब पार्न तपाईंले के के गर्नु पर्दथ्यो ? तपाईंको कुन व्यबहारले उहाँलाई साँच्चै निराश, अझै दुःखी वा दिक्क बनाउँथ्यो होला ?

३. सहमती र अनुगमनको चरण :

यो चरणमा द्वन्द्वरत पक्षहरुले छानेका विकल्पहरुमध्ये सबै भन्दा उत्तम विकल्प छान्न लगाइन्छ र त्यसको कार्यान्वयन कसरी गरिन्छ सो बारेमा पक्षहरुसँग छलफल गरिन्छ । यसमा मेलमिलाप ऐनमा भएको सहमती कार्यान्वयनका लागि बढीमा ४५ दिन भित्रमा हुनुपर्ने प्रावधान समेत जानकारी गराइन्छ । छानिएका विकल्पमा मेलमिलापकर्ताले केही सहयोग गर्नु पर्ने अपेक्षा पक्षहरुले राखेको खण्डमा सहयोग गर्ने जानकारी गराइन्छ । साथै मिलापत्र कसरी गर्ने भन्नेकुरा पनि उनीहरुबीच मै छलफल गराउनु उपयुक्त हुन्छ । मिलापत्र पछि पक्षहरुको अवस्थाको बारेमा मेलमिलापकर्ताले अनुगमन गर्दै उनीहरुलाई सुन्दर भविष्य निर्माणका लागि प्रेरणा र सधैं सहयोगी भएको कुरा बताउनु पर्दछ ।

चरण ७: विकल्पहरुको मूल्याङ्कन गर्ने : कुन विकल्प दुवै समूहलाई सम्मानजनकरुपले स्वीकार्य हुन सक्छ पत्ता लगाउने ।

- "यदि तपाईंले यो विकल्प छान्नु भयो यसलाई कसरी कार्यान्वयन गर्नु हुन्छ ?" कार्यान्वयन नहुने विकल्पहरु हटाउने र दुवै पक्षहरु जुन जुन विकल्पमा जीत जीत महशुस गर्दछन् त्यो विकल्पहरुमात्र छनौट गर्ने ।
- उत्तम समाधानको बाटो कुन हुन्छ पुन: छलफल गराउने र हामीले के कुरामा सहयोग गर्नु पर्दछ भनेर प्रश्न गर्ने । छानिएका विकल्पहरुको आधारमा सहमतीको तयारी गर्ने

चरण ८: सहमतीको ढाँचा तयारी र समाधान: यसमा पक्षहरुको चाहना अनुरुपको ढाँचामा सहमती गर्ने । सामाजिक प्रचलन र मान्यताहरुलाई सम्बोधन गर्ने कुनै तरिका छ भने उनीहरुलाई गर्न दिने तर मेलमिलापकर्ताले यसो गर भनेर नभन्ने । मेलमिलापको ढाँचा अनुसूची खण्डमा राखिएको छ ।

संचारशीप

विवाद वा द्वन्द्व व्यवस्थापनका लागि विशिष्ट संचारशीपको प्रयोग मेलमिलाप कर्ताले गर्नु पर्दछ । हुनत संचार भन्ने बित्तिकै एउटा व्यक्तिको मनमा रहेको धारणा, विचार, भावना वा भनाइहरु अर्को व्यक्ति समक्ष पुऱ्याउने एकप्रकारको अभिव्यक्ति शीप हो भनेर बुझिन्छ । मोटामोटीरुपमा संचार दुई प्रकारका हुन्छन् । एकहोरो र दोहोरो संचार । यो पुस्तिकामा संचार के हो ? कति प्रकारका हुन्छन् ? यसका फाइदाहरु के के हुन ? संचारका बाधाहरु के के हुन भन्नेबारेमा विस्तृतरुपमा छलफल गरिदैन । यो पुस्तिकामा मेलमिलापका लागि विभिन्न समयमा तालिम तथा अन्तरक्रियाको माध्यमबाट शीपहासिल गरिसकेका मेलमिलापकर्ताले अपनाउनु पर्ने संचारशीपको मात्र व्याख्या गरिएको छ । द्वन्द्व व्यवस्थापनका लागि निम्नशीपहरुको प्राय बढी प्रभाबकारी हुन्छन् । यी शीपहरुको प्रयोग आधारभूत द्वन्द्व व्यवस्थापन सम्बन्धि तालिम लिएका सहजकर्ताहरुले अभ्यास मार्फत सिकेको भए बढी प्रभावकारी हुन्छ ।

खुल्ला प्रश्न सोध्नु

मेलमिलापकर्ताकहाँ आफ्नो गुनासो सुनाउन आएका र जुन व्यक्ति वा समूहबाट आफूलाई पीरमर्का पारियो भनेका पक्षहरुलाई मेलमिलाप कर्ताले हो वा होइन, छ छैन, हुन्छ हुदैन जस्ता छोटो उत्तर आउने प्रश्न सोध्नु हुँदैन । यसका लागि पक्षहरुले सोचेर जवाफ दिने लामो विस्तृत व्याख्या गर्न उत्सुक बनाउने किसिमका खुल्ला प्रश्न सोध्नु पर्दछ । जस्तै रामले तपाईं सीतालाई कुटेकै हो ? भनेर प्रश्न सोध्दा हो वा होइन भन्ने जवाफ आउँदछ । यसको बदला रामले तपाईलाई के कति कारणले यस्तो व्यवहार गऱ्यो होला ? गर्नु पर्ने कारण के पऱ्यो होला ?

कसरी यस्तो घटना घट्यो होला ? ए त्यो घटनाको पृष्ठभूमि बताइ दिनु हुन्छ कि ? विगतको अवस्था भूतकालका लागि “किन” र भविष्यका लागि “कसरी” बाट प्रश्न गर्दा राम्रो हुन्छ ।

सक्रिय सुनुवाइ हुनु पर्दछ

द्वन्द्वका पक्षहरुको भनाइलाई मेलमिलापकर्ताले सही बुझेको छ भनेर विश्वास दिलाउन र विवादको गहिराइसम्म पुग्न सक्रिय सुनुवाइ शीपको आवश्यकता पर्दछ । यसका लागि बसाइ व्यवस्थापन र वातावरण सहज बनाउनु पर्दछ । पक्षहरुले कुरा राखिरहँदा पक्षहरुलाई असहजता हुने बसाइ राम्रो हुँदैन । सकेसम्म आमनेसामने समान किसिमको वसाइ व्यवस्थापन गर्नु पर्दछ । पक्षहरुले आफ्ना भनाइ राखिरहँदा मेलमिलापकर्ताले पक्षको भावनामा आफूलाई रुपान्तरण गर्नु पर्दछ । हाँस्ने, ठट्टा गर्ने वा अन्यन्त्रै ध्यान मोड्नु हुदैन । उनीहरुको शारीरिक भाषा, अनुहारको भाषाको गहिरो गरी अध्ययन गर्नु पर्दछ । पक्ष बढी डराएको, व्यक्त गर्न अप्ठ्यारोमा परेको अवस्थाको ध्यानपूर्वक अध्ययन गर्नु पर्दछ । मेलमिलापकर्ता सँधै ध्यान केन्द्रीत हुनु पर्दछ । उनीहरुका भनाइलाई बेलाबेला “के तपाईंले भनेको कुरा मैंले सही बुझें ? तपाईंलाई उहाँको व्यवहारले दु:खित तुल्यायो वा हानी पुग्ने काम भयो भन्न खोज्नु भएको हो ? के म सही छु वा मैले सही बुझें भनेर हो वा होइन जस्ता छोटा उत्तर आउने प्रश्न मार्फत भावानुवाद गर्नु पर्दछ । यसबाट पक्षहरुले मेलमिलापकर्ताले मेरो कुरा ध्यानपूर्वक सुनीरहेको छ भन्ने विश्वास सिर्जना गर्दछ ।

भावानुवाद वा सारांँश (Paraphrasing) गर्नु पर्दछ[10]

भावानुवाद भनेको पक्षहरुले बताएको घटनाको भावको अनुवाद गरी मेलमिलापकर्ताले थप प्रष्टताका लागि गरिने विशिष्ट संचारशीप हो । यसमा एउटापक्षले भनेको कुरा अर्कोपक्षलाई आरोपित नगरी उसको महसुस सुनाउने वा महसुश गराउने र मेलमिलापकर्ताले मेरो भनाइ ध्यानपूर्वक सुनिरहेको छ भनी घटना बताइरहेको पक्षलाई विश्वास दिलाउनका लागि प्रयोग गरिने एउटा महत्वपूर्ण शीप हो । यो शीपको प्रयोगबाट विवादको चुरोसम्म पुगेर द्वन्द्वको मुख्य मुख्य सवाल पत्ता लगाइन्छ । द्वन्द्वलाई सकारात्मक बनाइ मेलमिलाप तर्फ पक्षहरुलाई ध्यान केन्द्रित यो विधिबाट गराइन्छ । यसमा तटस्थ र सकारात्मक शब्दको प्रयोग गरिन्छ । जस्तै : “मेरो दशभारी घाँस उसले चोरेकै हो भनेर पक्षले गरेको दावीलाई के उहाँले गरेको व्यवहारबाट तपाईंलाई हानी पुग्यो भन्न खोज्नु भएको हो ? यो कुरा मैलें सही बुझें ?” भनेर भावानुवाद गर्न सकिन्छ । यहाँ घाँस चोर्नु भयो भन्न खोज्नु भएको हो भनिदैन । यसले भावानुवादले घटना

[10] GIZ/ CPS Modular training handouts

भन्नेलाई मेरो हानी भएको कुरा मेलमिलाप कर्ताले ठीक बुझ्यो भन्ने हुन्छ भने अर्को पक्षले मेरो व्यवहारले उसलाई हानी पुगेछ भन्ने महसुश गराइन्छ ।

भावानुवादले के गर्दछ ? किन ?	भावानुवाद कसरी ?
पक्षहरुले भनेको मुख्य कुरालाई प्रकाश पारी भनाइलाई शिलशिलाबद्ध र संरचित गर्दछ ।	छोटकरीमा आफ्नै शब्दमा बदलेर भन्नु पर्दछ ।
संचारको गति कम गर्दछ, आवेग वा उत्तेजनालाई घटाउँदछ र स्पष्टता सिर्जना गर्दछ ।	सजिलो भाषा प्रयोग गर्नु पर्दछ ।
द्वन्द्व वा विवादलाई सकारात्मकता तर्फ सुधार गर्दछ अथवा कम गर्दछ ।	आक्षेपहरुलाई तटस्थ/सकारात्मक शब्दहरुमा बदल्नु पर्दछ ।
मेरोकुरा मेलमिलाप कर्ताले सुनिरहेको छ भनी पक्षहरुलाई विश्वास दिलाउँदछ ।	द्वन्द्वको असरलाई महसुश गर्नु पर्दछ र द्वन्द्वको अर्को पक्षलाई महसुश गराउन सर्तकतासाथ सकारात्मक अवस्थाको माग भएको अवस्थामा गर्नु पर्दछ ।

गोलाकार प्रश्नको (Circular Question[11]) प्रयोग गर्नुपर्दछ

मेलमिलाप प्रकृयामा प्रयोग हुने विशिष्ट संचार शीपको रुपमा गोलाकार प्रश्नलाई लिइन्छ । बक्ताले वोलेको कुरा श्रोताले सुनिरहँदा श्रोताका मनमा कस्तो महसुश भइरहेको होला भनि बक्तालाई नै सोधिने प्रश्नलाई गोलाकार प्रश्न भनिन्छ । जस्तै “तपाई रामले यो कुरा गर्दा उहाँ श्यामको मनमा कस्तो महसुश भई रहेको होला ? श्यामले कस्तो धारणा बनाइ के सोची रहनु भएको होला भन्ने तपाईंलाई लागिरहेको छ ? भनेर रामलाई नै सोधिने प्रश्न गोलाकार प्रश्न हो । अब श्यामलाई फेरि प्रश्न गरिन्छ “उहाँले भरखरै भनेको के कुरा तपाईको कानमा पऱ्यो ? उहाँको भनाइबाट के कुरा बुझ्नु भयो ? जब श्यामले यो प्रश्नको जवाफ दिन्छ फेरि श्यामलाई गोलाकार प्रश्न गरी रामको महसुश वा अवधारणा व्यक्त गर्न लगाइने संचारशीपको प्रयोग गरी पक्षहरुको अवधारणा अन्तरमनको भावना साटासाट गराउन यो विधि द्वन्द्व व्यवस्थापनमा प्रयोग गरिन्छ । यसमा एउटा पक्षको भनाइ गतिविधिहरुलाई अर्को पक्षको दृष्टिकोणबाट हेर्न मद्दत गर्दछ । पक्ष क लाई उसका गतिविधिहरु, भावनाहरु, इच्छाहरु र आवश्यकताहरु सोध्नुको साटो पक्ष ख लाई पक्ष क का गतिविधि, भावना, इच्छा र आवश्यकताहरु माथि अड्कल वा अनुमान गर्न प्रोत्साहित गरिन्छ । यसमा पक्ष क लाई पक्ष ख को अनुमान ठीक छ भनेर सोधिनु पर्दछ ।

[11] GIZ/ CPS Modular training handouts

गोलाकार प्रश्नका उदाहरणहरु

- तपाईंले यसो गर्दा पक्ष क ले कस्तो महसुश गऱ्यो होला ?
- पक्ष क ले तपाईहरु दुई जनाबीचमा के भनेको थियो भन्नेबारेमा के व्याख्या गऱ्यो होला ?
- पक्ष क ले तपाईंको भनाइ प्रति कस्तो महसुश गऱ्यो होला ?
- पक्ष क ले कुन कार्य गऱ्यो त्यो गर्न के ले उसलाई उक्सायो (अभिप्रेरित) होला ? आदि

रणनीतिक प्रश्नहरु सोध्नुपर्दछ[12]

यी प्रश्नहरुको लक्ष्य भनेकै परिवर्तन सृजना गर्नु, द्वन्द्वरत समूहको आफ्नो व्यवहार र अर्को समूहको व्यवहार र संभाबित समाधान सम्बन्धी नयाँ तरिकाले सोच्न सक्षम बनाउनु हो । यिनीहरु विशेषगरी मेलमिलाप प्रकृयाको ५/६/७ चरणहरुमा उपयोगी छन् । जस्तैः

- तपाईले के गर्नु पर्छ ....(जस्तै........अर्को समूहलाई विश्वास दिलाउनको लागि ? या ....तपाईहरु दुईजना वीचको परिस्थिति सुधार गर्न?)
- **ख** ले के गर्नुपर्दछ ताकि ....(जस्तैः..........तपाईले अर्को समूहलाई विश्वास गर्न सकोस् ?" या ...द्वन्दको समाधान पत्ता लगाउन सकियोस् ?)
- तपाई कसरी थाहा पाउन सक्नुहुन्छ अर्को समूहले........(जस्तैः............घर मूलीको रुपमा तपाईलाई स्वीकार्नु हुन्छ ?
- पक्ष **ख** ले कसरी थाहा पाउन सक्छ की तपाई......(जस्तैः.....इमान्दार हुनुहुन्छ ? या ....उसलाई गम्भीरतापूर्वक लिनुहुन्छ ?
- भविष्यमा तपाई कसरी प्रतिकृया जनाउनु हुन्छ ?
- द्वन्द्वको पुनरसमाधानको सहयोगको लागि तपाई के गर्न सक्नुहुन्छ ? तपाई अरु के कोसीस गर्न सक्नुहुन्छ ?
- अनुमान गर्नुहोस कि तपाईलाई मनपर्ने समाधान संभव हुने छैन, अव तपाईको लागि दोश्रो वा तेश्रो उत्तम समाधान के हुनेछ ?
- यदि तपाई यो मेलमिलापमा सहमतिमा पुग्नु भएन भने तपाईसँग अर्को के विकल्प छ ?

द्वन्द्वको परिभाषा (Meaning of Conflict)

द्वन्द्व भन्नाले दुई वा दुई भन्दा बढी व्यक्ति वा पक्षहरुबीचमा भएको मनमुटाव, असहमती, बेमेल वा झगडा हो, जुन दुवै पक्षहरुबाट बाहिर आएको हुन्छ । सो बाहिर आएको कुरा दुवैपक्षहरुले द्वन्द्वको रुपमा स्वीकार गरेका हुन्छन् । जस्तै सामाजिक, साँस्कृतिक, धार्मिक, आर्थिक तथा

[12] GIZ/ CPS Modular training handouts

बैचारिक हिसावले कुनै पनि व्यक्ति, समूह, समुदाय तथा देशले कुनै पनि काम गर्दा वा गर्न नहुने काम गर्दा अर्को पक्षलाई प्रत्यक्ष वा परोक्षरुपमा असर पर्दछ। यसरी असर पर्नेले विरोध वा असहमती प्रकट गर्दछ। जसलाई उसको स्वभाव, परिस्थिति र वातावरणले प्रभाव पारेपछि असर पर्नेले मनमुटाव राख्ने, चित्त दुखाउने तथा प्रतिकार गर्ने गर्दछ। यसरी द्वन्द्व मनमुटावबाट शुरुभएर अत्यन्तै नकारात्मक अवस्थासम्म पनि पुग्दछ।

विस्तृत अर्थमा द्वन्द्व भन्नाले

- समाज बिभिन्न थरिका मानिसहरु मिलेर बनेको हुन्छ। जसरी एउटा हातका पाँचवटा औंलाहरु एकआपसमा समान हुदैनन् त्यस्तै समाजमा बस्ने मानिसहरुको सोचाइ पनि एकै किसिमको हुदैन। यसको परिणामस्वरुप द्वन्द्वको सिर्जना हुने गर्दछ।
- द्वन्द्व एक सामान्य, नियमित र निरन्तर प्रकृया पनि हो। सामान्य ठाकठुक पर्नु द्वन्द्व हुनुलाई नकारात्मक रुपले लिनु हुदैन। यो एक सर्वमान्य, सर्वव्यापी नियम हो। द्वन्द्वबिनाको बस्तुको कल्पना पनि गर्न सकिदैन।
- मानिसहरुले सबै प्रकारका द्वन्द्वहरु बाहिर ल्याउदैनन् भरसक आफैंमा मिलाउन प्रयत्न गर्दछन्। द्वन्द्वलाई समयमा नै पहिचान गरी समाधान गर्न सकिएन भने यसले विनाश तर्फ धकेल्छ। द्वन्द्वलाई सामाजिक विकासको निरन्तर नियमको रुपमा पनि लिइन्छ।
- सामान्यतया द्वन्द्व स्रोत साधनको अभाव र जातीय, आर्थिक, सामाजिक, साँस्कृतिक तथा लैङ्गिक, राजनीतिक एवं उमेर समूह आदिको कारणले उत्पन्न हुने एक सामाजिक प्रकृया हो।[13]

द्वन्द्वहरूका गतिशीलताहरू:
"ज्वरो रेखा" ढाँचा[14]

माथि नै चर्चा गरियो कि द्वन्द्व फरक मत वा विमतिबाट सिर्जना हुन्छ। यसलाई समयमा नै व्यवस्थापन गर्न सकिएन भने यसबाट अत्यन्तै नराम्रो परिणाम समेत ल्याउँछ। विभिन्न विद्वानहरुले द्वन्द्वको विकासलाई आ-आफ्नै तरिकाले व्यक्त गरेकाछन्। सामान्यतया मनमुटावबाट शुरुभएको द्वन्द्व भनाभन र अन्तमा हिंसामा परिणत हुन्न सक्छ। हिंसा शारीरिक हुन सक्छ तर यो मौखिक र मानसिक पनि हुन सक्छन्।

द्वन्द्व हुनलाई समस्या हुनु पर्दछ र मानिसहरुमा समस्यालाई लिएर महसुशहरु हुनु पर्दछ। महसुस जति शसक्त भयो द्वन्द्व त्यति नै उत्कर्षतर्फ बढ्ने गर्दछ। जुनसुकै द्वन्द्वमा पनि सम्बन्धको तह र तथ्यको तह हुने गर्दछ। जब सम्बन्ध खराब हुन्छ, सामान्यतया विभिन्न पक्षहरुले द्वन्द्वको तथ्यहरुलाई "सत्य"को रुपमा देख्ने कुराहरु धेरै भन्दा धेरै फरक पर्दछन्।

[13] मेलमिलाप तालिम निर्देशिका २०६५ जनअधिकार मञ्च (पिपिआर नेपाल) पेज ३

[14] Thomann, Christoph and Stegemann, Wibke: Klärungshilfe: Konflikte im Beruf. Methoden und Modelle klärender Gespräche bei gestörter Zusammenarbeit, Rowohlt: 1998.

मानिसका मन भित्रका रिस, पीडा, घृणा, आवेग, चोट, दिग्दारीले मानिसहरुलाई एक पक्षीयरुपमा मात्रै ग्रहण गर्ने र बुझ्ने अवस्था बनाउँछ । यस्ता कुराहरु जति बढि हुँदै गर्छन्, त्यति नै मात्रामा द्वन्द्व सबल हुँदै जान्छ । यो गतिशीलतालाई 'ज्वरो रेखा' भनिने ढाँचामा देखाइएको छ ।

यो ढाँचामा द्वन्द्वमा व्यक्तिको भावनाहरुलाई तापक्रम अनुसार स्पष्ट पार्न खोजिएको छ जसरी ज्वरो आउँदा हामी ज्वरोको तापक्रम नाप्छौं । द्वन्द्वको शुरुमा सामान्यतया तापक्रम अधिक हुन्छ तर ज्वरो आएको भने हुँदैन ।

द्वन्द्व जन्माउने कारणहरू[15]

- **मान्यता** :– कुनै पनि व्यक्तिको, समूहको अथवा समाजको आफ्नै रितिरिवाज, चलन तथा मान्यता हुन्छन् यस्ता कुरा अरु कसैले विगारेमा द्वन्द्व शुरु हुन्छ ।
- **पहिचान:–** कुनै पनि व्यक्तिले आफ्नो कूल, जात, तथा धर्मको साह्रै इज्जत गरेको हुन्छ । कसैले बोली वा व्यवहारले यस्ता कुरामा हानी पुऱ्याएमा चित्त दु:ख्छ द्वन्द्व शुरु हुन्छ
- **स्रोत वितरण प्रकृया :–** कुनै पनि समूह, संस्था वा समाजका परिवारको जीवन यापन तथा सुख सुविधाका लागि प्राकृतिक तथा अन्य स्रोत बढी प्रयोग गर्न पाए हुन्थ्यो भन्ने

[15] परिवर्तनका संवाहकहरुको क्षमता अभिवृद्धि तालिम सहयोगी पुस्तिका : घरेलु हिंसा विरुद्ध पूर्वाञ्चल नेटवर्क २०६६

भावना हुन्छ । यसले हरेक कुरामा प्रतिस्पर्धा पनि गराई रहेको हुन्छ । आफूले भने जति नपाएका वा कसैले लिनु पर्ने भन्दा बढी लिएमा द्वन्द्व सिर्जना हुन्छ ।

- **सञ्चारमा कमी :** कुनै विषयमा छलफल कुराकानी भएकोबेला प्रष्टसँग बुझिएन भने द्वन्द्व हुन्छ ।
- **सामाजिक संरचना :** समाजमा रहेको भेदभाव गर्ने परम्परा, बोक्सी, डाइनी लगाउने चलन, अन्ध विश्वास, धार्मिक चलन आदिले पनि द्वन्द्व सिर्जना गर्दछ
- **विविध :** कतिपय द्वन्द्व विना कारण नै हुन्छ । जस्तो बजारको भीडमा कसैको खुट्टा टेकियो भने हामी माफी माग्छौ (सरी भन्छौं) तर आँखा नहेरी खुट्टा टेक्दै के को सरी भनी उल्टै आइलाग्छ यी र यस्तै अन्य उदाहरणको रुपमा लिन सकिन्छ ।

द्वन्द्वका प्रकार र यसको असर[16]

द्वन्द्व हानीकारक मात्र होइन परिवर्तनकारी सकारात्मक पनि हुन्छन् । द्वन्द्व नियमित र निरन्तर प्रकृया हो । द्वन्द्व समान्यतया दुई प्रकारका हुन्छन् सकारात्मक र नकारात्मक ।



द्वन्द्व वा विवादको परिणाम[17]

उचित तरिकाले समाधान गर्दा हुने परिणाम	उचित तरिकाले समाधान नहुँदा हुने परिणाम
• सकारात्मक परिवर्तन ल्याउँछ	• आपसी बैरभाव बढाउँछ
• नीति नियम बनाउन मद्दत गर्दछ	• हिंसा बढाउँछ
• सकेसम्म दुवै पक्षलाई न्याय दिन्छ, दुवै पक्षको चित्त बुझाउँछ ।	• एकआपसमा चित्त दुखाउने र फाटो बढाउँछ
• एकआपसको चासो तथा चाहना बुझ्न मद्दत गर्दछ	• शंका उपशंका झन बढाउँछ
• आपसी समझदारी तथा एकतामा अभिबृद्धि गर्दछ ।	• इख, आवेग र बदलाको भावना बढाउँछ

16 परिवर्तनका संवाहकहरुको क्षमता अभिवृद्धिद्ध तालिम सहयोगी पुस्तिका : घरेलु हिंसा विरुद्ध पूर्वाञ्चल नेटवर्क २०६६

17 मेलमिलाप तालिम निर्देशिका २०६५ जनअकिार मञ्च -पिपिआर नेपाल) पेज ३

द्वन्द्वको स्वभावका आधारमा समाधानका रणनीतिहरु

द्वन्द्व समाधान गर्ने अनेकौ विधिहरु समाजमा मानिसहरुले अपनाएको पाइन्छ । विवादका पक्षहरु र उनीहरुको परिवेशका आधारमा विवाद समाधान गर्न फरक फरक प्रचलन मान्यताहरु अपनाइएको पाइन्छ । विवाद समाधान गर्ने मानिसले कसरी विवाद समाधान गर्ने भनी जान्नु आवश्यक हुन्छ । यसका लागि थोमस र किलम्यानका आधारमा मानिसको स्वभावका आधारमा द्वन्द्व व्यवस्थापन गर्ने रणनीति तयार गर्नुपर्ने मान्यता राख्दछन् ।

उनीहरुका अनुसार:

द्वन्द्वसँग काम गर्दाका व्यक्तिगत धारणा वा प्रबृतिहरु[18]

उच्च	**प्रतिस्पर्धी हुनु** *"म जित्न चाहन्छु"* **रणनीतिहरु:** नियन्त्रण, प्रतिस्पर्धा, करकाप, झगडा		**सहकार्य गर्नु** *"ल ! यसलाई संगै समाधान गरौं"* **रणनीतिहरु:** सूचना संकलन, संवाद, जीत-जीतको खोजी ।
आफ्नो इच्छा र आवश्यकतामा		**मिलापत्र वा संझौता गर्नु** *"म थोरै दिनेछु, यदि तिमीले यस्तै गरेमा"* **रणनीतिहरु:** अपेक्षा घटाउने, सौदाबाजी, लेनदेन, फरक मतभेद	
न्यून	**वेवास्ता गर्नु** *"द्वन्द? के द्वन्द?"* **रणनीतिहरु:** बेवास्ता गर्नु, अस्वीकार गर्नु, भाग्नु, उपेक्षा गर्नु, फिर्ता लिनु, फिर्ता लिनु		**अनुकूल हुनु** *"तिमी जे भन्छौ त्यो मेरोलागि ठीक छ"* **रणनीतिहरु:** सहमत हुनु, शान्त पार्नु, विनाकठीनाई असहमतिलाई स्वीकार्नु, छोड्नु ।
	न्यून	**अरुको इच्छा र आवश्यकतामा अभिमुखीकरण**	**उच्च**

[18] Source: Fischer ET all (2000): Working with conflict. Skills and Strategies for Action, Zed Books: London.

१. प्रतिस्पर्धात्मक हुनु (Compeiting) : द्वन्द्वरत पक्षहरु जसरी र जुनसुकै आधारमा आफ्नोमात्र जीत ठान्ने अथवा हुने अवस्थामा जाने र अर्काको कुरालाई वेवास्ता गर्ने अवस्थामा प्रतिस्पर्धात्मक रणनीति लिने गर्दछन् । यस्ताबेला उनीहरु मेलमिलापमा नजाने र आफ्नो धारणा विपरित मिल्न नसक्ने अवधारणा व्यक्त गर्दछन् । यस्तो अवस्थामा एकपक्षको जीत र अर्कोपक्षको हार हुन्छ । यसमा सम्बन्धलाई पुरै वेवास्ता गरिन्छ लक्ष्यलाई उच्च महत्व दिइन्छ ।

२. बेवास्ता गर्नु (Avoiding) : यस्तो रणनीति वा शैलीलाई अंगिकार गर्ने पक्षहरुले आफ्नो पनि गुमोस अर्काको पनि जेसुकै होस भनि वास्ता नगर्ने हुन्छन् । सम्बन्ध पनि जेसुकै होस, उपलब्धि पनि चाहिँदैन भन्ने हिसावले अगाडि बढ्ने हुनाले पक्षहरुबीच सम्बन्ध र लक्ष्य दुवै हात नलाग्ने हुनाले यसमा हार हारको अवस्था सिर्जना हुने गर्दछ ।

३ .अनुकुल हुनु (Accomodating) : यसमा एउटा पक्ष बरु आफ्नो गुमाउन तयार हुन्छ तर सम्बन्धलाई महत्व दिन्छ । ठीकै छ सम्बन्ध राम्रो हुन्छ भने परिणाम प्रति म वास्ता गर्दिन भनेर परिणामलाई वेवास्ता गर्दछ । यस्तो रणनीति लिँदा एउटाको जित अर्काको हार हुने गर्दछ । सम्बन्ध चाहिँ राम्रो हुन्छ । एउटापक्ष बढी उदार हुने आफ्नो परिणाम छोडेर सम्बन्धलाई महत्व दिने गर्दछ । यसले तत्काल सम्बन्ध राम्रो होस भविष्य जेसुकै होस भनेर वेवास्ता गरिरहने रणनीति लिन्छ ।

४. मिलापत्र वा सम्झौता गर्नु (Compromising) : यसमा पक्षहरुले केही पाउने र केही गुमाउने रणनीति लिएका हुन्छन् । दुवैपक्षहरु विवादको समाधान गर्न सहमती प्रदान गर्दछन् र उनीहरु सहमतीमा पुग्दा केही गुमाउने कुरामा समन्वय हुन्छ । यसले दुबैपक्षको केही हार र केही विषयमा जितको अनुभुती हुन्छ । तर सहमतीमा पुग्न दुबैपक्ष सक्रिय हुने हुनाले हार जित वा जीत हारको अवस्था यस्तोमा हुन्छ ।

५. सहकार्य गर्नु (Collaborating) : यो प्रकृयामा पक्षहरु अधिकतम सूचना, जानकारी एकअर्कामा लिने र दिने गर्दछन् । दुबै पक्षहरु विवाद समाधानमा सक्रियता बढाउँदछन् । यहाँ सम्बन्ध कसरी राम्रो बनाउने र परिणाम पनि कसरी राम्रो बनाउने भनेर दुबैपक्षहरुमा विकल्पहरु बढीभन्दा बढी निकाल्ने र उत्तम विकल्पमा पुगेर भविष्यमा सम्बन्ध र परिणाम अझै राम्रो कसरी बनाउने बारेमा छलफल केन्द्रित हुने भएकोले यसलाई सर्वोत्तम विधिकोरुपमा लिइन्छ । मेलमिलापमा यो विधिलाई प्रयोग गर्न बढी लाभदायक हुन्छ ।

माथि प्रस्तुत गरिएको तालिकाका आधारमा यसलाई उपयोग गर्न सकिने Thomas र Killmann ले आफ्नो धारणा राखेको पाइन्छ । यी सबै विधिहरु विवाद समाधानमा प्रयोग हुन्छन् । आवश्यकता अनुसार कुनै विधिलाई राम्रो वा नराम्रो भन्नु हुँदैन । तर हाम्रो मेलमिलाप विधिमा सहकार्य उन्मुख विधि बढी प्रभावकारी बनाउन सक्दा राम्रो हुन्छ ।

हिंसाका श्रोत, संरचना र शान्तिसम्बन्धी अवधारणा

मेलमिलाप कार्यमा मेलमिलापकर्ताहरु समक्ष आएको विवाद वा द्वन्द्वको जरिया कारण के हो पत्ता लगाउनु आवश्यक हुन्छ । ***मुर्ति हेर्दैमा र बनाउँदैमा साधु हुदैन*** भने झैं हिंसात्मक घटनाहरु सतहमा मिलाउँदैमा शान्ति हुँदैन । शान्ति हुनका लागि हिंसाको श्रोत के हो ? यसले कस्तो आकार वा संरचना बनाएको छ र प्रत्यक्ष के असर वा प्रभाव परेको छ सोको मेलमिलापकर्ताहरुले सुक्ष्मरुपमा अध्ययन गर्नु पर्दछ । शान्ति भनेर मात्र पाइने विषय होइन यसको प्रत्याभूति हुने माध्यम के हो भन्नेकुराले निर्धारण गर्दछ । **"खराब शान्ति भन्दा असल गोलमाल नै निको"**[19] भनेझैं हिंसात्मक सोच र त्यसबाट निर्मित संरचनाको उपजमा सिर्जना भएको द्वन्द्वको परिणाम मारकाट, कुटपीट, विभेद, अपमान, गालीगलौज, असमझदारी र हिंसाजन्य कुराको समाधानलाई सोचबाटै अन्त्य गर्नु मेलमिलापको कार्य हुन्छ । यसका लागि प्रसिद्ध द्वन्द्ववीद् जोहान्न गाल्टुङ्ग (Johan Galtung) ले द्वन्द्व त्रिभुजमार्फत यसरी प्रष्ट्याएकाछन् ।



(स्रोत : Galtung Traingle)

हिंसाका श्रोतहरु : समाजमा चलेका विभिन्न मूल्य मान्यता र सोचहरु हिंसाका श्रोतकारुपमा लिइन्छ । जस्तै: धार्मिक मान्यताहरु, जातीय विभेद गर्ने मान्यताहरु, छोरीलाई दाइजो दिनुपर्ने धारणा, महिला कमजोर हुन्छन् भन्ने मान्यताहरु, बोक्सी लगाउने रुढीवादी धारणा, पुरुष सक्षम र घरको मालिक भन्ने पितृसत्तात्मक सोच, समाजमा धेरै पहिलादेखि प्रचलनमा आए । यसले समाजका हरेक क्षेत्रमा धारणाको रुपमा विकसित भयो । यस्तो सोच वा धारणा समाजमा चलेकै छ यसबाट देउतालाई बोको सरकारलाई छोरो भन्ने सोचगत उखानै छ । यसले समाजमा पितृसत्तात्मक सोचलाई मान्यता दिएको पाइन्छ ।

संरचनात्मक तथा संस्थागत हिंसा :

सोचको विकास भएपछि त्यसको आकार ग्रहण गर्ने काम हुन्छ । जसलाई प्रथा परम्परा भनिन्छ । माथि कै आधारमा हेर्दा पुरुष प्रमुख हुने कुराले पितृसत्तात्मक संरचना, दाइजो प्रथा, झुमाप्रथा,

---
[19] आमा उपन्यास एलेस्की मेक्सिमोभिच गोर्की, नेपाली संस्करण रादुगा प्रकाशन मास्को १९८५, अनुवादक राजेन्द्र मास्के

देउकी प्रथा, जातीय छुवाछुत प्रथा, बोक्सी सम्बन्धि धारणा समाजमा संरचनात्मकरुपमा बसेका पाइन्छन् । आज कुनै महिलाले स्वतन्त्रताका कुरा उठाएमा संरचना, सामाजिक मान्यतामा असर पुग्यो भनी कुरा उठी हाल्छ । जातीय समानताको कुरा उठाउने कथित दलित समुदाय माथि धर्म, परम्परा विरोधी भनेर लाञ्छना लगाउने मात्र होइन प्रत्यक्ष यातना र सामाजिक बहिष्कार गर्ने दवाब दिइएका प्रशस्तै उदाहरण हामीकहाँ छन् । यो सोचका कारण निर्माण भएको संरचनात्मक हिंसा हो ।

श्रोत र संरचनात्मक हिंसाको आकार माथिको चित्रमा झैं ठूलो छ तर यो देखिदैन । त्यसैले गाल्टुङ्गले यसलाई नदेखिने हिंसा भनेका छन् ।

प्रत्यक्ष वा देखिने व्यवहार जनित हिंसा : हाम्रो समाज, घर परिवारमा हुने सबै विवाद वा द्वन्द्वहरु प्रत्यक्ष हिंसा भित्र पर्दछन् । विवाद समाधान गर्दा प्रत्यक्ष हिंसा वा देखिएको घटनालाई मात्र समाधानमा जोड दिने प्रचलन हामीहरुकहाँ छ । यसरी हज्जारौ वर्षदेखि विवाद समाधान हुंदै र गरिंदै पनि आएकाछन् । तर हिंसा घटेको छैन झन नयाँ स्वरुपमा अगाडि आइरहेको हामी देख्दछौं । यसको मुख्य कारण भनेको श्रोतहरु यथावत छन्, संरचनाहरु खासै परिवर्तन भएका छैनन् । मान्यता र प्रचलनमा सुधार आइसकेको पनि छैन ।

शान्ति के हो त ?

शान्ति आत्मिक आनन्द हो । मानिसले आफू सुरक्षित छु भनेर ढुक्क हुने अवस्था हो । मन भित्रैबाट हिंसा रहित अवस्थामा छु भनेर गरिने अनुभुति हो । यसो हुनका लागि सोचमा आउने पूर्ण परिवर्तनले मात्रै संरचनालाई नष्ट गर्न सक्दछ । खाली व्यवहार वा प्रत्यक्ष हिंसा समाधानले सोच र संरचनालाई यथावत राख्ने हुनाले यस्तो शान्ति भयत्रास युक्त हुने गर्दछ । यस्तो शान्तिलाई मूर्दा शान्ति पनि भनिन्छ । सकारात्मक शान्तिका लागि रुढीवादी कुसंस्कारयुक्त सोच तथा धारणाहरुको समाप्त भएको शान्तिले मात्रै भावना, मन तथा अनुभुति सिर्जना गर्दछ । यस्तो शान्तिलाई सकारात्मक शान्ति पनि भनिन्छ ।

शान्तिसम्बन्धी केही परिभाषाहरु :

हामी नकारात्मक शान्ति भन्नाले हिंसात्मक विमति र प्रत्यक्ष व्यक्तिगत हिंसाको अनुपस्थिति भन्ने बुझ्दछौं । अर्को तर्फ वृहत सामाजिक न्यायको मान्यतामा आधारित अप्रत्यक्ष हिंसा एवं संरचनात्मक विभेद रहित शान्ति नै सकारात्मक शान्ति हो । अत शान्ति एक आत्मीय आनन्द हो । (स्रोत : imbusch/201/ 1996:97)

हिंसात्मक अवस्था नहुनु मात्र शान्ति होइन । सकारात्मक, गतिशिल एवं सहभागीतामुलक प्रक्रियाका आधारमा पारस्परिक सहमति र समन्वयनमा वार्ता एवं संवादका माध्यमबाट द्वन्द्व व्यवस्थापन गर्नु पनि शान्ति हो । (स्रोत : United Nations 1999)

द्वन्द्व विश्लेषण गर्ने केही तरिकाहरू

क) द्वन्द्व परिप्रेक्ष विश्लेषण विधि (Conflict Perspective Analysis):[20] यो एउटा द्वन्द्व विश्लेषण गर्ने विधि हो । यसमा विवादमा संलग्न कुन व्यक्तिहरु वा निकायहरु छन् । उनीहरुको मुख्य भनाइ वा अडान के के छन् ? कसको कुन पक्षतिर झुकाव छ ? उनीहरुको प्रतिकृया वा संलग्नता के कस्तो अवस्थामा छ ? द्वन्द्वका प्रत्यक्ष र सहायक पात्र कुन कुन हुन् ? भन्ने कुराको विस्तृत विश्लेण गरिन्छ ।

ख) प्याजे पत्र विधि (Onion Model): यो पनि द्वन्द्व विश्लेषण गर्ने विधि हो । यसमा विवादका मुख्य पात्रहरुको अडान वा दावी के छ ? त्यो विवादमा उसको चाहना के हो ? र वास्तवमै विवादमा विवादका पक्षहरुको आवश्यकता के हो भन्ने पहिचान गर्ने विश्लेषण गर्ने विधि हो ।

[20] This method was prepared by inmedio Berlin

कानुन

मेलमिलापकर्ताले ध्यान दिनुपर्ने कानुनी कुराहरु

परिचय

सामान्यतया कुनै पनि व्यक्तिको व्यवहार तथा आचरणलाई नियमित र नियन्त्रित गर्न बनाइएको नियम नै कानुन हो । अर्थात समाजमा हुने द्वन्द्व, विवादहरु (Conflicts) लाई सन्तुलन (Balance) गर्न राज्यद्वारा बनाएको नियम नै कानुन हो । यस्ता नियम भित्र समाजका मानिसले के गर्न हुन्छ, के गर्न हुँदैन भन्ने कुराहरुको उल्लेख गरिएको हुन्छ र कानुनले गर्नु भनेको काम गरेन र नगर्नु भनेको काम गर्‍यो भने सजायको व्यवस्था गरिएको हुन्छ ।

कानुन बन्ने गर्ने तरिका

राज्यले शासन व्यवस्था नियमित र सुव्यस्थित रुपमा सञ्चालन गर्नका लागि संविधान निर्माण गर्ने गर्दछ । संविधान देशको मूल कानूनको रुपमा रहेको हुन्छ । संविधान भित्र नै कनून बन्ने तरीका, राज्यका विभिन्न निकायहरुको गठन, कामहरु आदिको बारे व्यवस्थित गरिएको हुन्छ । सामान्यतः कुनै पनि लोकतान्त्रीक देशमा प्रतिनिधिसभाको जनताद्वारा चुनाव गरि पठाईएका जनप्रतिनिधिहरु संसद सदस्यहरुले कानून बनाउने गर्दछ । कतिपय अवस्थामा देशमा संसद नभएको बेलामा संविधान अनुसार राज्य प्रमुखद्वारा सरकारको सल्लाहमा अध्यादेश जारी गरेर पनि कानून निर्माण गर्ने गरिन्छ ।

कानुनको प्रकार

सामान्यत कुनैपनि कामको र विवादको प्रकृतिको आधारमा कानुनलाई विभिन्न प्रकारमा विभाजन गर्न सकिन्छ । जस्तै कामको प्रकृतिको आधारमा कानुनलाई सारवान कानुन र कार्यविधि कानुन भनेर दुई भागमा विभाजन गरिएको हुन्छ । सारवान कानुनले व्यक्तिको हक अधिकारको बारे व्यवस्थित गरिएको हुन्छ भने कार्यविधि कानुनले व्यक्तिका हक अधिकारहरु खोज्ने, प्रचलन गर्ने कुराहरुको व्यवस्था गरेको हुन्छ । जस्तो उदाहरणको लागि सारवान कानुनले अंश पाउने हक अधिकारको व्यवस्था, कुटपीट गर्न नहुने, मान्छेको ज्यान मार्न नहुने आदि कुराको व्यवस्था गरेको हुन्छ भने यस्ता हक अधिकारहरु कोही कसैबाट हनन् भएमा त्यस्ता हक अधिकारहरु खोज्नको लागि तथा प्रचलनको लागि अदालतमा, प्रहरीमा उजुरी गर्ने, प्रमाणहरु पेश गर्ने, आदी कुराहरुको बारेमा कार्यविधि कानुनले व्यवस्था गरेको हुन्छ ।

विवादको प्रकृतिको आधारमा कानुनलाई धेरै भागमा विभाजन गर्न सकिन्छ । तापनि सामान्यतः विवादको प्रकृतिको आधारमा कानुनलाई देवानी कानुन र फौजदारी कानुन गरि दुई भागमा विभाजन गर्न सकिन्छ । देवानी कानुन भन्नाले व्यक्तिको सम्पती र स्वामीत्व तथा यस्तै किसिमका हकसम्बन्धी व्यवस्था गर्ने कानुन भन्ने बुझिन्छ । जस्तैः अंश, जग्गा, लेनदेन जस्ता विवादको किनारा गर्ने कानुन देवानी कानुन हो । साथै राज्यको कानुनले यी यी प्रकृतिका अपराधजन्य कसुर कार्यहरु फौजदारी अपराध हुन भनेर व्यवस्था गरेको हुन्छ र यस्ता फौजदारी अपराधहरु दण्डनीय हुन्छन् । यसरी अपराधजन्य कसुर कार्यलाई हेर्ने कानुनलाई फौजदारी कानुन भनिन्छ । केही उदाहरणको लागि बलात्कार, ज्यान, मानव बेच विखन, लागु औषध आदि जस्ता कसुर कार्यहरु फौजदारी अपराधजन्य कसुरहरु हुन ।

कानुनमा जान्नै पर्ने अन्य थप कुराहरू

हकदैया भनेको के हो ?

सामान्यतः हकदैया भन्नाले अन्याय वा मर्कामा पर्ने व्यक्तिले उजुर गर्न पाउने कुरा हो । कुनै पनि विवाद वा मुद्धामा उजुरी लिएर सम्बन्धित अदालत वा निकायमा जान अन्यायमा पर्ने सम्बन्धित सरोकारवाला व्यक्ति गई उजुरी गर्न पाउने कुरा नै हकदैया हो । यसरी उजुरी गर्दा जसको जे जती कुरामा हक अधिकार छ त्यति कुरामा मात्र उजुरी गर्नु पर्दछ । जस्तो उदाहरणको लागि हरि प्रसादको जग्गा राम प्रसादले किचलो गर्‍यो वा मिच्यो भने उजुरी गर्नको लागि हरिप्रसाद स्वयंले मात्र गर्न सक्दछ । अर्को तेस्रो व्यक्तिले हरि प्रसादको जग्गा राम प्रसादले किचलो गर्‍यो भनी उजुरी लिएर मुद्धा दर्ता गर्न सक्दैन । तर कोही कसैले फौजदारी अपराधजन्य कसुर कार्य गर्‍यो भने चाही जो कोही व्यक्तिले पनि प्रहरीमा जाहेरी/ उजुरी गर्न सकिन्छ । जस्तो उदाहरणको लागि कोही कसै मानिसको ज्यान कोही व्यक्तिद्धारा मारिएको रहेछ भने सो कुराको उजुरी जो कोहीले पनि प्रहरीमा दिन सकिन्छ ।

हदम्याद भनेको के हो ?

कुनै पनि व्यक्तिलाई कानुनद्धारा प्रदान गरिएको हक अधिकार अरु कोही कसै व्यक्तिद्धारा हनन् गरिन्छ वा कुनै व्यक्तिले अरु कुनै व्यक्तिलाई अन्याय गर्दछ भने अन्यायमा पर्ने सरोकारवाला व्यक्ति न्याय खोज्नको लागि सम्बन्धित निकायमा/अदालतमा यति दिन भित्रमा उजुर गर्न जानु भनि कनूनले तोकिदिएको वा निर्धारण गरि दिएको निश्चित समय अवधिलाई हदम्याद भनिन्छ । यसरी कानूनले तोकि दिएको निश्चित समय भित्र अन्यायमा पर्ने व्यक्ति उजुरी लिएर न्याय खोज्नको लागि गएन वा जान सकेन भने त्यस्तो अन्यायमा पर्ने व्यक्तिले उजुर गर्न पाउने हदम्याद गुज्रन जान्छ र उसले न्याय पाउन सक्दैन । सामान्यतः हदम्याद गुज्रन गयो भने गुज्रन

गएको हदम्याद थामेर पुनः उजुर गर्न सकिदैन । हदम्याद सबै विवादमा एकै किसिमको रहेको हुँदैन । फरक-फरक विवादमा हदम्याद पनि फरक-फरक नै तोकिएको हुन्छ । जस्तो केही उदाहरणको लागि सामान्य कुटपीट भएकोमा कुटपीट भएको मितिले ६ महिना, लुटपीटमा ३ महिना, जग्गा किचोलामा ६ महिना, कपाली तमसुक गरि ऋण लगेकोमा ऋण लगेको मितिले १० वर्ष, कसैले करकाप गरि कागज गराएमा ३५ दिन, थुनामा रहेको व्यक्तिलाई यातना दिएमा यातना पाएको वा थुनाबाट मुक्त भएको मितिले ३५ दिन भित्रमा र अंश पाएको छैन भने अंश पाउनको लागि जहिले सुकै पनि सम्बन्धित जिल्ला अदालतमा उजुरी गर्न सकिन्छ । यसै गरि कसैले अपराधजन्य फौजदारी कसुर कार्य गरेमा प्रहरी कार्यालयमा जाहेरी गर्नु पर्दछ । जस्तो केही उदाहरणको लागि बलात्कार गरेमा ३५ दिन, बहुविवाह गरेमा बहुविवाह गरेको थाहा पाएको मितिले ३ महिना, सार्वजनिक अपराध गरेमा ७ दिन भित्रमा जाहेरी गर्नु पर्दछ ।

म्याद केलाई भनिन्छ ?

कुनै पनि मुद्धा हेर्ने निकाय वा अदालतमा बादी पक्ष वा अन्यायमा पर्ने पक्षले उजुरी तथा मुद्धा दर्ता गरेपछि विवादको अर्को पक्षलाई यति दिन भित्रमा यस अदालतमा वा निकायमा आउनु भनी बोलाउन पठाएको पत्रलाई म्याद भनिन्छ । यसरी म्याद उल्लेख गरि पत्र पठाउँदा उजुरी गर्ने व्यक्तिको नाम लेख्नुका साथै म्याद पाउने व्यक्तिको नाम लेखि तपाँईको नाममा यस्तो उजुरी परेको छ, त्यस सम्बन्धमा के कसो भएको हो ? आफ्नो जो भएको साँक्षी प्रमाण लिएर यस अदालतमा उपस्थित हुनु भनी निश्चित समय तोकि पत्र पठाएको हुन्छ, त्यसलाई नै म्याद भनिन्छ । यस्तो म्याद विवादको प्रकृति अनुसार फरक-फरक समय तोकि पठाउने गरिन्छ । यसरी पठाएको म्याद प्राप्त भएपछि म्याद पाउने व्यक्ति आफ्नो प्रमाण, साँक्षी सहित सम्बन्धी अदालतमा उपस्थित भएर आफ्नो भनाई राख्नु पर्दछ ।

वारिस भन्नाले कसलाई बुझाउँछ ?

सामान्यतः वारिस भन्नाले आफ्नो सट्टामा मुद्धा खेप्ने, तारिख लिने र वयान गर्ने अधिकार दिएको व्यक्तिलाई बुझाउँदछ । यसरी वारिस दिदा १६ वर्ष पुरा गरेको मानिसलाई मात्र दिन सकिन्छ । तर फौजदारी अपराधजन्य कसुरमा नेपाल सरकार बादी र अपराध गर्ने मानिस प्रतिबादी भई दर्ता हुने मुद्धामा भने वारिस राख्न पाईदैन । जस्तो केही उदाहरणको लागि ज्यान मारेको, बलात्कार गरेको, मानव वेचविखन गरेको, बहुविवाह गरेको मुद्धाहरुमा वारिस राख्न पाईदैन ।

मिलापत्र भन्नाले के बुझिन्छ ?

सामान्यतः कुनै पनि विवाद वा मुद्धामा रहेका वादी प्रतिवादी तथा पक्ष विपक्ष वीच आपसमा चित्त बुझाई विवादका दुवै पक्षको मन्जुरीमा विवाद टुंग्याउने सहमती भई मेलमिलाप गर्नु नै मिलापत्र हो । सरकारवादी हुने फौजदारी मुद्धा तथा अपराधजन्य कसुर कार्य वाहेकका अन्य विवाद एवं मुद्धामा मिलापत्र गर्न सकिन्छ । यसरी मिलापत्र तथा मेलमिलाप गर्दा सरकारबादी फौजदारी मुद्धामा भने सरकारले मिलापत्र गर्ने तथा मुद्धा फिर्ता गर्ने भनी निर्णय गरेको अवस्थामा बाहेक अन्य अवस्थामा गाउँ समाजमा होस तथा अदालतमा होस फौजदारी अपराधजन्य मुद्धा वा विवादमा मिलापत्र गर्न सकिदैन र मिलापत्र गर्नु हुँदैन ।

मानव अधिकार

मानिस सामाजिक प्राणी हो । मानिस जन्मदा स्वतन्त्र जन्मन्छ र उसले जीवनभर गर्ने सबै क्रियाकलापहरु स्वतन्त्ररुपमा गर्न पाउनु उसको नैसर्गिक अधिकार हो । यसैले मानव अधिकार भनेको मानिसको जन्मसिद्ध अधिकार हो । मानिस भएर यो धर्तीमा जन्म लिएपछि नमरुञ्जेलसम्म उसले जीवन यापनका क्रममा पाउनु पर्ने सबै नैसर्गिक अधिकारहरु मानवअधिकार भित्र पर्दछन् ।

मानिसले जन्मने वित्तिकै सासफेर्छ, रुन्छ, सरसफाइ गरिन्छ, आमाको स्तनपान गराइन्छ, सेकताप गर्ने, खोपलगाउने र सुताउने कार्य गरिन्छ । यसो सम्झिदा यी कार्यहरु सामान्य लाग्दछन् । तर यी कार्य र दायित्वबाट मानवअधिकारको आधारभूत मान्यता र सिद्धान्तहरु तयार हुन्छन् भन्ने कुरा हामीलाई थाहा हुनु पर्दछ । सास किन फेरेको भन्दा बाँच्नका लागि, रुन्छ किन भन्दा उसको चाहना आवश्यकता व्यक्त गर्न । त्यसै गरी स्वच्छ वातावरण र जीवन यापनका लागि सरसफाइ गरिन्छ भने भोकबाट बच्न स्तनपान, माया स्नेह सद्भावका तथा सुरक्षाका लागि सेकताप र सुताइने क्रियाकलापले बासस्थानको अधिकार सिर्जना मानिस जन्मनासाथ गर्दछ ।

यसरी जीवनको अधिकार, स्वतन्त्रताको अधिकार, स्वच्छजीवनको अधिकार, सामाजिक न्याय र सम्मानको अधिकार, भोकबाट उन्मुक्तिको अधिकार, आवास तथा स्वास्थ्यको अधिकार मानवअधिकारका आधारभूत अधिकार हुन् । यसै गरी नामाकरण, जन्मदर्ता, पास्नी, शिक्षा आर्जन, नागरिकता, मतदान, सभा सम्मेलनमा भाग लिने, बिचारको पक्ष विपक्षमा लाग्न पाउने, संघसंगठन खोल्न, पेसा रोज्न, विवाहगर्ने तथा परिवारको व्यवस्थापन गर्ने, राजकीय निकायमा भाग लिने लगायत जीवनभर र मृत्युपछि उसको संस्कारका आधारमा अन्तिम संस्कारसम्म गर्न पाउने सबै अधिकारहरु मानव अधिकार भित्र पर्दछन् । एक वाक्यमा ***मानव अधिकार भनेको मानिस जन्मेदेखि मृत्युपर्यन्तसम्म स्वतन्त्र, मर्यादित र सम्मानपूर्वक जीवनयापन गर्न स्वतः प्राप्त गर्ने नैसर्गिक तथा जन्मसिद्ध प्रत्येक अधिकार हो*** भनेर परिभाषा गर्न सकिन्छ ।
राष्ट्रिय मानवअधिकार आयोगका अनुसार "मानव अधिकार भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएका अधिकार सम्झनु पर्छ र सो शब्दले नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकार समेतलाई जनाउँदछ"[21] भनेर परिभाषा गरिएको छ । यसरी नै नेपाली विकिपिडिया अनुसार *मानव अधिकार यस्तो अधिकार हो, जुन सबै मान्छेले केबल मानव भएका नाताले पाउनु पर्दछ । यी अधिकारहरु विश्वव्यापी हुन, त्यसैले प्रत्येक मानिसले पाउनु मान्छेको जात, धर्म, सम्प्रदाय, राष्ट्रियता, उमेर, लिङ्ग, राजनैतिक विचार, ज्ञान, अपाङ्गता, लैङ्गिक झुकाव,*

[21] मानव अधिकार आयोग ऐन २०५३ दफा २ च

लैङ्गिक परिचय, आदि जेसुकै भएपनि फरक पर्दैन । प्रत्येक मानिसले मानव अधिकार पाउनु पर्दछ[22] भनेर परिभाषा गरिएको छ । मानवअधिकारहरु कसैको इच्छा आग्रह वा आदेशमा कटौती गर्न मिल्दैनन् । न त यी अधिकारहरु कुनै राजा महाराजाको आदेशले नत कसैको दान बक्सिस वा आशिर्वादले नै प्राप्त भएका हुन । न त जाती, भाषा, धर्म, वर्ण, लिङ्ग, भूगोल र बसोबासका आधारमा कसैलाई कमबेसी गर्न पनि सकिने बस्तुहरु नै हुन् । मानिसले जत्रोसुकै र जस्तोसुकै गल्ती वा अपराध गरिएपनि ऊ मानिस नै हुन्छ यसबाट अलग गर्न सकिदैन । त्यसैले प्राकृतिकरुपमा मानिस भएको नाताले प्राप्त भएको हुनाले नै यसलाई नैसर्गिक, प्राकृतिक, अहरणीय अधिकारको रुपमा मानवअधिकारलाई लिइन्छ । तर यसमा बिचार गर्नु पर्ने कुरा आफ्नो अधिकारको उपयोग गर्दा अर्काको अधिकारको सम्मान गर्नु पर्ने दायित्व चाहीं मानवअधिकारको महत्वपूर्ण कर्तव्य भित्र पर्दछ भन्ने कुरा बिर्सन मिल्दैन ।

यसै कुरालाई मध्य नजर गर्दै विश्वमा स्थायी शान्तिस्थापना गर्न संयुक्त राष्ट्रसंघले सन् १९४८ को डिसेम्बर १० का दिन मानवअधिकारको विश्वव्यापी घोषणा-पत्र जारी गऱ्यो । जसमा माथि उल्लेख गरिएका कुराहरुलाई संयुक्त राष्ट्रसंघले मानवअधिकारको विश्वव्यापी घोषणा पत्रमा ३० वटा धारामा व्यवस्था गरेको छ । मानिसका जन्मजात र जीवन यापनका लागि आवश्यक अधिकारहरुको प्रत्याभूति नभएमा शान्ति अमन चयन कायम रहन सक्दैन भन्ने अवधारणालाई प्रस्तावनामा समेटेर तयार गरिएको घोषणा पत्रमा भएका अधिकारहरुका छुट्टाछुट्टै अधिकारहरु सम्बन्धि विस्तृत सन्धि, अभिसन्धिहरु संयुक्त राष्ट्रसंघले जारी गर्दै आयो । यी सन्धिहरुमा व्यवस्था भएका सबै अधिकारहरु मानवअधिकारको अभिन्नपक्ष भित्र पर्दछन् ।

मानव अधिकार भित्र विभिन्न प्रकारका अधिकारहरु पर्दछन् । राज्य जनताद्वारा निर्मित हुन्छ, यसले सम्पूर्ण जनताको अधिकारको रक्षा हेतु सुरक्षा, सम्मान, आपुर्ति र सुरक्षा गर्न जनतालाई शासन गर्ने संयन्त्रकोरुपमा स्थापित हुने हुनाले यसलाई उपरी संरचना समेत भनिन्छ । नागरिकहरु स्वतन्त्रता, सम्मान, परिपुर्ति र सुरक्षाको माग राज्यसँग गर्दछन् । त्यसैले मानवअधिकारको घोषणाका क्रममा ***निरंकुशता र दमनका विरुद्ध अन्तिम उपायका रुपमा विद्रोह गर्न मानिस बाध्य नपर्नुपर्ने हो भने कानुनको शासनद्वारा मानवअधिकारको संरक्षण हुनु अति आवश्यक भएकोले*** भन्ने वाक्यांश समावेश भएको पाइन्छ । यसो भन्नुको अर्थ बाध्य पारिएमा, नागरिकहरुको अधिकारको कटौती भएमा राज्यले गरेमा जनताले विद्रोह गर्ने अधिकारको सुनिश्चितता मानवअधिकारले गरेको पाइन्छ । यसरी राज्य मानवअधिकारको रक्षा गर्ने, सम्मान गर्ने र नागरिकहरुको मागको आपुर्ति गर्ने पहिलो निकायकोरुपमा रहेको हुन्छ । जुन राज्यमा जनताको स्वतन्त्रता, सम्मान तथा नागरिक हकको परिपुर्ति हुँदैन त्यहाँ

[22] नेपाली विकिपिडिया

नागरिकहरु राज्य बिरुद्ध ती अधिकारको स्थापनामा आन्दोलन गर्दछन् । यस प्रकारको मानवअधिकारलाई पहिलो पुस्ताको मानव अधिकार अर्थात नागरिक तथा राजनीतिक अधिकार भनिन्छ ।

हाम्रो देशमा भएका राणाशासन, पञ्चायती व्यवस्था र राजतन्त्र विरोधमा संचालित आन्दोलनहरु नागरिक र राजनीतिक अधिकारको स्थापना गर्न गरिएका पहिलो पुस्ताका अधिकारकारुपमा लिइन्छ । जब मानिसले आफ्ना नागरिक र राजनीतिक अधिकार प्राप्त गर्दछन् त्यसपछि आर्थिक सम्बृद्धि, समाजिक उन्नती र बैज्ञानिक तथा साँस्कृतिक अधिकारको बारेमा आफूलाई समर्पित गर्न थाल्दछ । यसबेला पेशागत, व्यवसाायिक, जीवनयापनका अधिकारहरुको सुनिश्चितता, शिक्षा, स्वास्थ्य, संचार, यातायात, विकास निर्माण, आविष्कार, भाषा, धर्म संस्कृतिको सम्मान र संरक्षणको दायित्व राज्य सामू जनताले माग गर्दछन् । यसलाई दोश्रो पुस्ताको मानवअधिकार भन्ने गरिएको पाइन्छ । मानवअधिकारको विकासक्रममा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि महासन्धि १९६६ र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धि महासन्धि १९६६ लाई मानवअधिकारका सर्वाधिक महत्वका महासन्धिकाका रुपमा International Bill of Human Rights भनेर घोषणा भएको पाइन्छ । यी महासन्धिमा हस्ताक्षर गर्ने प्रत्येक राष्ट्रले निर्वाधरुपमा आफ्ना नागरिकहरुलाई यी अधिकारहरु उपलब्ध गराउनु पर्दछ ।

पछिल्लो अवस्थामा सूचनाको अधिकार र विकासको अधिकारहरु मानवअधिकारको विकासमा आएको पाइन्छ । शुरुशुरुमा राज्यले गरेको सबै काम जनतालाई भन्नु हुँदैन भन्ने थियो तर आधुनिक विश्वमा राज्यको रक्षाशिक्षा, विचाराधीन मुद्धा, लगायतका राज्य र न्यायलाई असर पार्ने बाहेकका सम्पूर्णकामहरु निर्णयहरु सार्वभौम नागरिकले प्राप्त गर्ने अधिकार राख्दछ भन्ने मान्यता लोककल्याणकारी राज्यको आधारभुत मान्यताभित्र मानिन थालियो । यसले राज्यले गरेका सम्पूर्ण निर्णयहरु जनतालाई सूचित गर्नु पर्दछ र सोको सूचना नागरिकले पाउनु पर्दछ भन्ने अवस्था सिर्जना भएकोले सूचनाको अधिकार मानवअधिकारको अभिन्न पक्षकोरुपमा लिने गरिएको छ ।

यसरी नै विकास निर्माणगर्दा यो पृथ्वी भावीपुस्तालाई हामीले प्राप्तगरेकै अवस्थामा हस्तान्तरण गर्नु पर्दछ भन्ने मान्यता स्थापित भयो । यसले विकासमा सबै नागरिकको सहभागिता, स्वामित्व, संरक्षण तथा पहिचान र विकास वातावरणीय, प्राकृतिक स्रोत तथा साधनको संरक्षणका साथ गर्नु पर्दछ । विकासका नाममा प्राकृतिक वातावरणको विनास तथा ध्वस्त गर्न नपाइने कुराको पक्षपोषण गर्न थालियो । भएको वातावरणको संरक्षण गर्दै नयाँ विकास गर्ने पद्दतिलाई दीगो विकास भनियो । सम्पूर्ण नागरिकहरुको मागमा आधारित अर्थात अधिकारमा आधारित विकास पद्दतिले राज्यको विकासमा नागरिकहरुको सहभागिता, प्रतिफलमा

नागरिकहरुको स्वामित्व तथा प्राकृतिक तथा साँस्कृतिक अन्तरसम्बन्धको स्थापना गरी नागरिकहरुको सहभागिता र छनौटमा गरिने विकासलाई विकासको अधिकारमा आधारित मानवअधिकारको रुपमा लिइन्छ ।

मानवअधिकारको उपयोगका आधारमा हामीहरु २०६२/२०६३ को जनक्रान्तिपूर्वको अवस्थामा बढीमात्रामा नागरिक तथा राजनीतिक अधिकारको वकालत गरिरहेका थियौं । यसको परिणामलाई संस्थागत गर्नेकाम संविधानसभाद्वारा निर्मित संविधान मार्फत हुने अवस्थामा हामीहरु रहेका छौं । अव हाम्रो ध्यान आर्थिक, सामाजिक र सास्कृतिक सम्बृद्धि तर्फ जानु पर्दछ । ०६२/६३ को आन्दोलन पश्चात नेपाली जनता सार्वभौमसत्ता सम्पन्न नागरिक भएकाछौं । मानवअधिकारको सन्दर्भमा अबको हाम्रो दिशा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरु, सूचनाको अधिकार र विकासको अधिकारतर्फ उन्मुख भएको छ ।

मानव अधिकारको विश्वव्यापी घोषणा पत्रले ३० वटा धाराहरुमा उल्लेख गरेका प्रावधानहरु

- धारा १ सवै मानिस जन्मजात स्वतन्त्र हुन्छन । सवैको समान अधिकार हुन्छ ।
- धारा २ जाती, वर्ण, लिङ्ग, भाषा, धर्म, विचार आदिका आधारमा भेदभावबाट गरिनु हुँदैन
- धारा ३ प्रत्येक व्यक्तिलाई बाँच्न पाउने व्यक्तिगत स्वतन्त्रता र सुरक्षाको अधिकार छ ।
- धारा ४ कसैले कसैलाई पनि बाधा वा दासदासी बनाउँन पाँइदैन ।
- धारा ५ कुनै पनि व्यक्तिलाई निर्दयी, अमानवीय वा अपमानजनक र बेइज्जतीपूर्ण व्यवहार वा यातना दिन पाँइदैन ।
- धारा ६ कानूनको दृष्टिमा प्रत्येक व्यक्ति, व्यक्तिका रुपमा सम्मानित हुन पाउनु पर्छ ।
- धारा ७ कानूनका अगाडि सवै समान छन् ।
- धारा ८ सक्षम न्यायालयबाट न्याय प्राप्त गर्ने अधिकार । अदालतको ढोका सवैका निम्ती खुल्ला हुन्छ । कसैको पनि मौलिक हक हनन् हुनु हुँदैन ।
- धारा ९ कसैलाई पनि मनोमानी ढंगले, नजरबन्द वा देश निकाला गर्न पाँईदैन ।
- धारा १० फौजदारी अपराध विरुद्ध स्वतन्त्र र न्याययुक्त अदालतबाट सुनवाईको हक ।
- धारा ११ छानविनबाट अपराधि प्रमाणित नहुन्जेल निर्दोशिताको अधिकार ।
- धारा १२ गोपनियता तथा आत्म सम्मानको हक सवैलाई हुनुपर्छ ।
- धारा १३ प्रत्येक व्यक्तिलाई आफ्नो देशको सिमानाभित्र स्वतन्त्रतापूर्वक डुलफिर गर्ने वा वसोवास गर्ने , आफ्नो देश वा अरु कुनै पनि देश छोड्ने र आफ्नै देशमा फर्की आउने पूर्ण अधिकार छ ।
- धारा १४ राजनीतिक शरणको हक सवैलाई छ । शरणको मरण गर्न पाँइदैन ।

- धारा १५ प्रत्येक व्यक्तिलाई उसले बसोबास गरि रहेको देशको नागरिकता प्राप्त गर्ने अधिकार छ। कुनै पनि व्यक्तिलाई मनोमानी ढंगले नागरिकताबाट बञ्चित गरिनु हुँदैन
- धारा १६ राजी खुशीले विवाह गर्न तथा परिवार बसाल्न पाईन्छ।
- धारा १७ प्रत्येक व्यक्तिलाई एक्लै वा अरु सँग मिलेर सम्पति कमाउने र राख्न पाँउने अधिकार छ। कुनै पनि व्यक्तिको सम्पती मनोमानी ढंगबाट राज्य वा सरकारले हरण गर्न वा खोस्न पाँउदैन
- धारा १८ वैचारिक स्वतन्त्रताको हक सवैलाई छ।
- धारा १९ आफ्नो विचार बालेरे, लेखेर वा छापेर खुलस्त पार्न पाउने अधिकार सवैलाई छ।
- धारा २० शान्तीपूर्ण तरिकाले सभा गर्ने तथा संस्था खोल्ने अधिकार सवैलाई छ।
- धारा २१ देशको शासन व्यवस्थामा स्वतन्त्र चुनावबाट चुनिएर भाग लिने अधिकार प्रत्येक व्यक्तिलाई छ। प्रत्येक व्यक्तिसँग आफ्नो योग्यता अनुसार देशको सरकारी जागीर खान पाउने हक हुन्छ।
- धारा २२ सामाजिक सुरक्षाको हक सवैले पाउनु पर्छ।
- धारा २३ समान ज्याला, रोजगारी र ट्रेड युनियन स्थापना गर्न वा त्यसमा संगठित हुन पाँउने अधिकार सवैलाई छ।
- धारा २४ काम र छुट्टिको निश्चित समय तोकिनु पर्छ , प्रत्येक व्यक्तिले वेतन सहितको विदा र आरामको मौका पाँउनु पर्छ।
- धारा २५ प्रत्येक व्यक्ति र उसको परिवारलाई स्वस्थ्य लगायत सवै सुविधा प्राप्त हुनुपर्छ। यसमा खाना, कपडा, घर तथा औषधोउपचारका सुविधाहरु र आवश्यक सामाजिक सेवाहरु पनि पर्दछ। अर्थात स्तरीय जीवन बाँच्न पाँउने अधिकार सवैलाई छ।
- धारा २६ शिक्षा पाउने अधिकार सवैलाई छ।
- धारा २७ कलाहरुको आनन्द लिने तथा विज्ञानले दिएका सुविधाहरुको भोगचलन गर्ने अधिकार, प्रत्येक व्यक्तिले उसले सृजना गरेको कुनै वैज्ञानिक, साहित्यिक वा कलात्मक कृतिबाट आउने नैतिक र भौतिक लाभहरुको संरक्षण गर्न पाउनु पर्छ।
- धारा २८ यस घोषणा पत्रमा उल्लेख गरिएका अधिकार र स्वतन्त्रताहरु पूर्ण रुपले प्राप्त गर्न प्रत्येक व्यक्तिले सामाजिक र अन्तर्राष्ट्रिय व्यवस्थाको सहायता लिन पाउने हक सवैलाई छ।
- धारा २९ आफ्नो अधिकार र स्वतन्त्रताको प्रयोग गर्दा अरुको अधिकारको पनि ख्याल गर्नु पर्दछ।
- धारा ३० यो घोषणाा पत्रको अपव्याख्या गर्न पाँईदैन।

मानवअधिकारको वर्गीकरण

मानव अधिकारको वर्गिकरण गर्न त्यति सजिलो छैन् । तापनि विषयवस्तु प्रष्ट पार्ने उद्देश्यले सामान्यतया केही विशेषताहरुको आधारमा यसको वर्गीकरण भएको पाइन्छ । संयुक्त राष्ट्र संघको बडापत्रले मानव परिवारका सम्पूर्ण सदस्यहरुमा अन्तरनिहित मर्यादा तथा सम्मान एवं नैसर्गिक अधिकारहरुको मान्यताबाटै विश्वमा स्वतन्त्रता, न्याय र शान्ति कायम हुन्छ भन्ने धारणा लिएको छ । साथै मानव अधिकारको विश्वव्यापी घोषणाा पत्रले पनि भय तथा अभावबाट स्वतन्त्रता तबमात्र सम्भव छ, जव प्रत्येक व्यक्तिले आफ्ना आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरुको साथै नागरिक एवं राजनीतिक अधिकारहरु उपभोग गर्न पाउने अवस्था सृजना हुन्छ। यसरी हेर्दा मानव भएका नाताले मानवले प्राप्त गर्ने ती अधिकारहरुलाई हामी आर्थिक अधिकार, राजनीतिक अधिकार, नागरिक अधिकार, साँस्कृतिक अधिकार एवं सामाजिक अधिकार भनी विषयगत रुपमा वर्गीकरण गर्न सक्दछौ ।

नागरिक अधिकार

- बाँच्न पाउने अधिकार,
- व्यक्तिगत सुरक्षाको अधिकार, समानताको अधिकार,
- स्वच्छ न्यायको अधिकार ,
- दायताबाट मुक्त हुने अधिकार,
- स्वतन्त्रताबाट जथाभावी वञ्चित नगरिने अधिकार
- यातनाबाट मुक्त हुने अधिकार,
- आफूले चाहेको मत वा सम्प्रदायमा संलग्न हुन पाउने अधिकार आदि ।

सामाजिक अधिकार

- आत्मनिर्णयको अधिकार
- स्वतन्त्रतापूर्वक आफ्ना क्रियाकलाप अगाडि बढाउन पाउने अधिकार
- उपयुक्त जीवन स्तरमा बाँच्न पाउने अधिकार
- परिवारप्रतिको दायित्वको अधिकार
- शिक्षाआर्जन गर्न पाउने अधिकार
- समाजमा जातीय समानता प्राप्त गर्ने अधिकार
- सुविधा उपभोग गर्न पाउने अधिकार
- व्यक्तित्व विकासको अवसर प्राप्त गर्ने अधिकार
- स्वास्थ्य सुरक्षा आदि पाउने अधिकार
- सामाजिक सुरक्षाको अधिकार
- प्रसूतिसेवा प्राप्त गर्ने अधिकार
- बाँच्नका लागि चाहिने आधार प्राप्त गर्ने अधिकार
- बालकहरुको सुरक्षित हुन पाउने अधिकार
- राष्ट्रिय सम्पतिको उपभोग गर्न पाउने अधिकार
- महिला र पुरुषबीच भेदभाव विरुद्धको अधिकार
- स्वतन्त्र मन्जूरीमा विवाह गर्न पाउने अधिकार आदि ।

आर्थिक अधिकार

- भोकबाट मुक्त हुने अधिकार,
- जीविकोपार्जनका लागि काम गर्न पाउने अधिकार,
- आफ्नो इच्छाको काम छान्न पाउने तथा स्वीकार गर्ने अधिकार,
- काम गर्नका लागि उपयुक्त वातावरणको अधिकार,
- उचित ज्याला पाउने अधिकार,
- दासत्वबाट मुक्तिको अधिकार,
- श्रमिक संगठन खोल्ने तथा संगठित हुन पाउने अधिकार,
- हड्ताल गर्न पाउने अधिकार,
- सम्पत्तिमाथिको अधिकार,
- समान कामका लागि महिला र पुरुषबीच भेदभावविरुद्धको अधिकार

राजनीतिक अधिकार

- चुनावमा उठ्न पाउने तथा मतदान गर्न पाउने अधिकार
- कुनै पनि विचारमाथि आस्था राख्न पाउने अधिकार
- कुनै मतको विरोध गर्न पाउने अधिकार
- बोलेर वा छापेर आफ्नो मतको प्रचार गर्न पाउने अधिकार
- निष्पक्ष र स्वतन्त्र न्यायलयबाट छिटो, छरितो र कम खर्चिलो न्याय पाउने अधिकार
- गोपनीयताको अधिकार
- देशभित्र स्वतन्त्रतापूर्वक घुमफिर वा आवत-जावत गर्न पाउने अधिकार
- संघसंगठन खोल्न पाउने तथा संगठित हुन पाउने अधिकार आदि

सांस्कृतिक अधिकार

- आफ्नो सांस्कृतिक जीवनमा सहभागी हुन पाउने अधिकार
- पत्येक व्यक्ति अथवा समुदायले आ-आफ्नो परम्परा, रीतिरिवाज, चालचलनअनुसार विभिन्न संस्कारहरु गर्न पाउने अधिकार
- आफ्नो रीतिरिवाज अनुसार व्रतबन्ध, विवाह र काजक्रिया गर्न पाउने अधिकार
- जातीय परम्पराअनुसार भेषभूषा ग्रहण गर्न पाउने अधिकार
- जातीय परम्पराअनुसार आफ्नो संस्कार गर्न पाउने अधिकार
- कलाको आनन्द लिने तथा विज्ञानको क्षेत्रमा भएको प्रगति र यस क्षेत्रबाट भएको फाइदामा सहभागी हुन पाउने अधिकार
- प्रत्येक व्यक्ति र उसले रचना गरेको कुनै वैज्ञानिक, साहित्यिक अथवा कलात्मक कृतिबाट प्राप्त भएको नैतिक तथा भौतिक लाभ र सोको संरक्षण गर्न पाउने अधिकार
- आफूलाई मन परेको धर्म मान्न पाउने अधिकार ।

मानवअधिकारका विशेषताहरु

मानव अधिकारलाई सहज रुपले बुझ्न यसका के कस्ता विशेषता हुन्छन भन्ने कुरा थाहा पाउनु पर्छ । मानिसले नैसर्गिक रुपमा स्वतः पाउने यी अधिकारहरु विशिष्ट चरित्रका छन् । यी विशेषताहरुलाई निम्न अनुसार हेर्न सकिन्छ ।

१. मानवअधिकार विश्वव्यापी छन्

मानव अधिकारहरु विश्वव्यापी छन् । मानव अधिकार कुनै व्यक्तिको राष्ट्रियता, लिङ्ग, धर्म, उमेर, वर्ण, आर्थिक, सामाजिक, राजनीतिक स्थिति, जाती वा कुनै देशको सिमाना आदिको आधारमा सिमित हुँदैन । यो विश्वव्यापी रुपमा कसैलाई भेदभाव नगरि समान ढंगले लागु हुन्छ । यसै हुनाले मानव अधिकारको विश्वव्यापी घोषणा पत्रमा भनिएको छ आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक तथा तथा राजनीतिक अधिकारहरु कुनै किसिमको भेदभाव विना सवैले समान रुपमा उपभोग गर्न पाँउछन् । फलानो जाती भएकाले त्यसको मानव अधिकार छैन भन्ने कुरा हुनै सक्तैन । कालो, गोरो, होचो, अग्लो, धनी, गरिब, स्वदेशी विदेशी जेसुकै भएपनि र सुगम दुर्गम, गाँउ सहर, लेक बेँसी जे भएपनि मानव अधिकार सवैलाई र सवै ठाँउका मानिसलाई समान रुपमा रहन्छ । त्यसैले मानव अधिकारलाई विश्वव्यापी वा सर्वव्यापी अधिकार भनिन्छ ।

२. मानवअधिकार अभिवभाज्य छन्

मानव अधिकारहरुलाई विभाजन गर्न सकिदैन । जस्तो एउटा व्यक्तिलाई खाने वस्ने मात्र अधिकार दिइयो तर घर बाहिर निस्कन दिइएन भने वा उसको अधिकारलाई विभाजित गर्न खोजियो भने सो अधिकार पूर्ण हुँदैन । अर्थात नागरिक र राजनीतिक अधिकारहरुलाई छुट्टै रुपमा र आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरुलाई छुट्टै रुपमा विभाजन गरेर तिमिले यति मात्र अधिकार पाउँछौ भनेर हेर्न मिल्दैन । किनकी यी सवै अधिकार सम्पूर्ण मानव जातीले पूर्णरुपमा वा सन्तोषजनक रुपमा उपभोग गरे भने मात्र मानव स्वाभिमान वा मानव मर्यादा कायम रहन सक्छ ।

३. मानवअधिकारहरु एकआपसमा अन्तरसम्बन्धित वा अन्तरनिर्भर छन्

कुनै व्यक्ति वा समूहको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरु मध्ये कुनै एक अधिकार माथि मात्र हस्तक्षेप भयो भने त्यसले उसका अन्य अधिकारहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुमा प्रभावित गर्छ । उदाहरणको लागि कुनै व्यक्तिको आर्थिक अधिकारमाथि हस्तक्षेप भयो भने यसले उसका सामाजिक, साँस्कृतिक, नागरिक तथा राजनीतिक अधिकारहरु हनन् हुन पुग्छ । जस्तै भोक लागेको मान्छेले भोक लाग्यो भन्नुपर्छ,

यसो भन्दा खान पाउने अधिकार अभिव्यक्त वा वोल्न पाउने अधिकारमा आश्रय लिन पुग्छ । कुनै कुराको जानकारी लिने अधिकार शिक्षाको अधिकारमा आश्रित बन्न पुग्छ । अनि सवै खालका अधिकारहरु बाँच्न पाउने अधिकारमा आधार लिन पुग्छन् । जब बाँच्ने वा बाँच्न पाउने अधिकारको कुरा हुन्छ त्यो सुरक्षा, शान्ति, शिक्षा, स्वास्थ्य जस्ता अनेक अधिकार सँग आधार लिन पुग्छन् । यसरी सवै मानव अधिकार एक आपसमा निर्भर गर्छन । सन् १९९३ मा अस्ट्रियाको राजधानी भियनामा भएको विश्व मानवअधिकार सम्मेलनले मानवअधिकार सर्वव्यापक, अविभाज्य, तथा अन्तर सम्बन्धित छन् भनेर घोषणा नै गरेको छ । अन्तर्राष्ट्रिय समुदायले यी सवै अधिकारहरुलाई विश्वव्यापी रुपमा, समान र निश्पक्ष तरिकाबाट, उत्तिकै महत्वका साथ हेर्नु पर्छ भन्ने कुरामा जोड दिएको छ ।

४. मानवअधिकारलाई अन्तर्राष्ट्रिय कानुनले श्रृङ्खलाबद्ध गर्दछ

मानवअधिकारका विषयवस्तुहरु अन्तर्राष्ट्रिय चरित्रका हुने भएकाले यसलाई व्यवस्था गर्ने काम पनि अन्तराष्ट्रिय कानूनद्वारा नै हुन्छ । राष्ट्रिय कानूनको अधिकारक्षेत्र सम्बन्धित राष्ट्र भित्रमात्र हुन्छ । त्यसैले मानवअधिकारलाई अन्तराष्ट्रिय कानूनले श्रृङ्खलाबद्ध गर्दछ । मानवअधिकारका कानूनहरुलाई जुन जुन राज्यले हस्ताक्षर गर्दछन् ती राज्यमा सो कानून आकर्षित हुने गर्दछ । अझ हाम्रो देश नेपालमा सन्धि ऐन २०४७ को दफा ९ ले नेपाल पक्षराष्ट्र भएर गरेका अन्तर्राष्ट्रिय सन्धि, महासन्धिहरु नेपाल कानुन सरह हुनेछन् । अन्तर्राष्ट्रिय कानुन र नेपाल कानुन बाझेमा बाझिएको हदसम्म नेपाल कानुन बदर हुने र अन्तर्राष्ट्रिय कानुन सदर हुने अवस्था छ । सम्बन्धित देशको कानुन उसको संशोधन प्रकृयाबाट हुन्छ तर अन्तर्राष्ट्रिय कानुनको संशोधन एउटा राष्ट्रको कानुन संशोधन प्रकृयाबाट हुदैन त्यसैले अन्तराष्ट्रिय कानुनमा सम्बन्धित देशले हस्ताक्षर वा स्वीकृति पछाडि कार्यान्वयन हुने प्रष्ट छ ।

मानवअधिकार र अधिकारमा फरक

मानवअधिकारका राज्यसँग सम्बन्धित हुने कुरा माथि चर्चा गरियो । साथै मानिस जन्मेपछि मृत्यु पर्यन्त पाउने सबै अधिकारहरु नैसर्गिक , प्राकृतिक र जन्मसिद्ध अधिकारहरु मानवअधिकार हुन भनेर पनि चर्चा गरियो । यसले फेरि अर्को दुविधा सृजना गर्दछ कि सबै अधिकार मानव अधिकार हुन र सबैको दायित्व राज्यसँग हुन्छ भनेर अब अधिकार र मानवअधिकारमा फेरि के को फरक भन्ने प्रश्न उठ्न सक्दछ त्यसैले यहाँ मानवअधिकार र अधिकारकोबीचमा के फरक छ सोको बारेमा छलफल गर्नु सान्दर्भिक हुन्छ होला ।

अधिकार

अधिकार भन्नाले त्यस्तो कानुनले प्रदान गरेको शक्ति हो जसले अर्काको अधिकारलाई प्रतिस्थापन गर्दछ वा निषेध गर्दछ । यसको सम्बन्ध व्यक्तिगत हुने गर्दछ । जस्तै इलाम

जिल्लाको कुनै ठाउँमा रामको नाउँमा ५ रोपनी जग्गा छ ।सो जग्गामा रामबाहेक अन्य कुनै व्यक्तिले उपभोग गर्न खोज्यो भने रामलाई कानुनले प्रदान गरेको अधिकारले अर्को व्यक्तिलाई उपभोग गर्नबाट रोक्दछ । सो जग्गा उपभोग गर्न रामको अनुमति लिनु पर्दछ वा रामबाट अर्कोव्यक्तिले आफ्नो नाममा कानून बमोजिम हक हस्तान्तरण पछि मात्र सम्भव हुने गर्दछ । यसरी व्यक्तिलाई राज्यको प्रचलित कानूनले संरक्षण गरेको हक, स्वामित्वले अर्को व्यक्तिलाई रामको अनुमति वा रामबाट हकहस्तान्तरण गर्ने प्रकृया पुरा नगरी हकभोग गर्ने व्यक्तिलाई कानुनले हटाइ रामको हक सुरक्षित गर्ने गर्दछ । रामबाट अर्को व्यक्तिमा सो हक हस्तान्तरण भई सकेपछि फेरि राम मेरो जग्गा भन्दै गएमा रामलाई सो जग्गाबाट हटाइ अर्को व्यक्तिको हक, स्वामित्वलाई कायम गर्ने हुन्छ । अर्थात ***अधिकार भन्नाले व्यक्तिलाई कानुनले प्रदान गरेको त्यस्तो शक्ति हो जसमा अर्काको उपस्थितिलाई निषेध गरिदिन्छ र यो दोहोरो हुन्छ । व्यक्ति व्यक्तिबीचको अन्तरसम्बन्धले अधिकारको सृजना हुने गर्दछ, जसलाई कानुनले संरक्षण प्रदान गरेको हुन्छ ।***



मानवअधिकार

मानवअधिकार मानिसले जन्मेदेखि मृत्यु पर्यन्तसम्म सम्मानित र मर्यादितरुपमा जीवन यापन गर्ने प्रत्येक अधिकारहरु हुन । मानवअधिकारहरु प्राकृतिक, जन्मसिद्ध नैसर्गिक अधिकारहरु हुन । मानवअधिकारहरु कसैको दया, माया, दान, बक्सिस वा आशिर्वादबाट प्राप्त अधिकारहरु होइनन् । सम्पूर्ण मानवअधिकारहरु कसैले प्रदान गर्ने वा खोस्न मिल्ने पनि होइनन् । राज्यबाट पनि सबै अधिकारहरुको प्राप्ति हुन सक्दैन । तापनि मानवअधिकारको रक्षा र सम्बर्धनको जिम्मा राज्यले लिएको हुन्छ । त्यसैले मानवअधिकार व्यक्ति र राज्यबीचको अन्तर सम्बन्धबाट सृजना हुने गर्दछ । त्यसैले मानवअधिकारको उपयोगका सन्दर्भमा नागरिकहरु सधैं दावीकर्ता हुन्छन भने राज्य कर्तव्य निर्वाहक हुने गर्दछ । नागरिकका मानवअधिकारको सम्मान, सुरक्षा र परिपुर्तिकर्ताको भूमिका राज्यले निर्वाह गरेको हुन्छ । नागरिकहरुको पहिचान, सहभागिता र सुरक्षाको सुनिश्चितता गरेर संरक्षण र सम्बर्द्धन राज्यले गर्ने प्रतिबद्धता गरेको हुन्छ ।

मानवअधिकारहरु जन्मसिद्ध भएकाले राज्यले जस्तोसुकै अवस्थामा पनि नागरिकहरुलाई प्रदान गर्नु पर्दछ ।



मानवअधिकार अन्तर्राष्ट्रिय कानुनका विषय हुन् । अन्तर्राष्ट्रिय मानव अधिकार कानुनद्वारा प्रत्याभूत अधिकारलाई समान्यतः मानवअधिकार भन्न सकिन्छ । यस अर्थमा सबै मौलिक हक मानवअधिकार भएपनि सबै मानवअधिकार मौलिक हक होइनन् र हुन पनि सक्दैनन् । अधिकारको अर्थ, परिभाषा एवं क्षेत्रमा बहुआयामिक परिवर्तन आएका भएतापनि मानवअधिकारलाई परम्परागत शैलीमै मानिसका जन्मसिद्ध अधिकार भनी आजसम्म परिभाषित गरिदै आइएको छ । मानवअधिकारको सूचीमा फेरबदल हुन सके पनि यसको असर र सार्वभौमिकतामा संकुचन हुन सक्ने ठाऊँ देखिदैन । विधिशास्त्रीय मान्यता अनुसार मानवअधिकारका पाँच सार्वभौमिक विशेषताहरु हुन्छन् । पहिलो यी अधिकारहरु विश्वव्यापी हुन्छन्, जसको प्रयोग हरेक स्थान र हरेक समयमा एकनासले हुन्छ । दोस्रो, यी अधिकारहरु सार्वभौम हुन्छन् जसको सर्वोच्चतालाई सम्पूर्णताको आधारभूत मान्यता मान्न सकिन्छ । तेश्रो यी अधिकारहरु अभिभाज्य हुन्छन् , जसलाई मानव जीवनसँग विभाजन गर्न सकिदैन । चौथो, यी अधिकारहरु अहरणीय हुन्छन्, संसारको कुनै पनि राज्य शक्तिले यी अधिकारलाई हरण गर्न सक्दैन र यी अधिकारहरु नैसर्गिक अर्थात प्राकृतिक र जन्मजात हुन्छन् ।[23]

[23] मौलिक अधिकारका आयामहरुः राष्ट्रिय शान्ति अभियान, डा. भीमार्जुन आचार्य २०६६ असोज पेज १५ र १६

मनोसामाजिक मनोविमर्श[24]

मनोसामाजिक र मनोवैज्ञानिक पक्ष

मनोसामाजिक पक्ष (Psychosocial Aspect) ले व्यक्तिको मनोवैज्ञानिक र सामाजिक पक्षहरु बीचको अन्तरक्रिया र निरन्तर सम्बन्धलाई बुझाउँदछ । मनोवैज्ञानिक पक्ष (Psychological Aspect) ले व्यक्तिको विचार, संवेग, व्यवहार, सम्झना, सिकाई, बुझाई, दृष्टिकोण आदिलाई प्रभाव पार्दछ वा सम्बन्ध राख्दछ ।

क) मनोसामाजिक (Psychosocial)

व्यक्ति सामाजिक प्राणी हो । समाजको मूल्य मान्यता, धर्म, संस्कृति र परम्परा अनुसार व्यक्तिको सामाजिकीकरण हुन्छ भने व्यक्तिको आफ्नै किसिमको विचार, कुनै पनि वस्तुप्रतिको दृष्टिकोण, सोचाई, भावना र धारणाहरु रहेको हुन्छ । यसरी समाज र व्यक्ति बीचको निरन्तर रुपमा अन्तरक्रिया भईरहन्छ । यस प्रक्रियालाई मनोसामाजिक भन्निछ । मनोसामाजिक भन्ने शब्दलाई दई छुट्टा छुट्टै शब्दहरु 'मन' र 'समाज' बाट विश्लेषण गर्न सकिन्छ । यहाँ मनलाई मानसिक पक्षको रुपमा लिइएको छ । व्यक्तिको मन र समाज बीचको अन्तरक्रियालाई नै मनोसामाजिक भनिन्छ । अर्को शब्दमा भन्नु पर्दा कुनै पनि व्यक्ति आफ्नो समाजमा परिवार, स्कूल र समुदायमा हुर्के, बढेको हुन्छ । त्यस समाज प्रति उसको मन, विचार, सोचाई, भावना आफ्नै ढंगको हुन्छ । यी दुई मन र समाज बीचको सम्बन्ध नै मनोसामाजिक हो ।

ख) मनोसामाजिक सुस्वास्थ्य :

मनोसामाजिक अन्तरक्रिया सकारात्मक रहेको अवस्था अथवा व्यक्तिको भावना, विचार, धारणा अनुसार समाजले स्वीकार गरेको अवस्थामा सबै कुरा ठीक हुन्छ । त्यहाँ व्यक्तिको मन र समाज बीच कुनै किसिमको समस्या हुँदैन् । यसरी भईरहेको अन्तरक्रियाबाट प्राप्त सकारात्मक अवस्थालाई मनोसामाजिक सु स्वास्थ्य भनिन्छ । जब व्यक्तिको व्यवहार समाजले स्वीकार गर्दछ, तब व्यक्तिले उक्त समाजमा राम्ररी समायोजन हुन सफल हुन्छ । जसले व्यक्ति मनोसामाजिक रुपमा स्वास्थ्य रहन्छ ।

ग) मनोसामाजिक समस्या :

व्यक्तिको मनोवैज्ञानिक तथा सामाजिक पक्षबीच हुने निरन्तर अन्तरक्रियामा तालमेल नमिल्दा उत्पन्न हुने भावनात्मक समस्यालाई मनोसामाजिक समस्या भनिन्छ । व्यक्ति र समाज बीच

[24] मनोसामाजिक मनोविमर्शकर्ताहरुको लागि तयार पाठ्यसामग्री- बहुसाँस्कृतिक मनोसामाजिक संस्थाः TPO नेपाल काठमाण्डौं ।

हुने अस्वस्थ अन्तरक्रियाले उत्पन्न हुने नकारात्मक भावना, सोचाई, धारणा र व्यवहारमा आउने परिवर्तनले व्यक्तिको शरीर, मन, व्यवहार र सम्बन्धमा नकारात्मक असर पार्दछ त्यो नै मनोसामाजिक समस्या हो । एक व्यक्तिको कारण समुदायमा रहेका अन्य व्यक्तिहरु र समुदायका कारण व्यक्तिलाई मनोसामाजिक समस्याहरु हुन सक्छ । मनोसामाजिक समस्या भए पछि व्यक्तिको व्यवहार वा दैनिक क्रियाकलाप असामान्य हुन्छ र उसलाई दैनिक क्रियाकलापहरु सुचारु रुपले सञ्चालन गर्न पनि कठिन हुन्छ ।

मनोसामाजिक समस्या सर्वव्यापी छ । यो सबै वर्ग, लिङ्ग, जातजाति, धर्म र संस्कृति भएका जो सुकै व्यक्तिहरुलाई हुन सक्छ । मनोसामाजिक समस्या हुनु भनेको कुनै रोग होइन । कुनै पनि व्यक्तिको मन र सामाजिक मूल्य र मान्यताहरुका बीचमा तालमेल नभई उत्पन्न हुने एउटा असहज अवस्था मात्र हो । तर यो समस्याको समयमा नै उपचार नभएमा मानसिक रोगको रुपमा विकासित हुन सक्दछ ।

मनोसामाजिक, मनोसामाजिक सुस्वास्थ्य र मनोसामाजिक समस्यालाई निम्न चित्रबाट अझ प्रष्ट पार्न सकिन्छ ।



मनोसामाजिक समस्याका कारणहरु :

• दुर्घटना • भेदभाव र यातना • बेरोजगारी • असफलता • पारिवारिक बेमेल • मानव बेचबिखन • सामाजिक कुरीति • घरेलु हिंसा • द्वन्द्व	• बलात्कार • लैङ्गिक हिंसा • कमजोर आर्थिक अवस्था • प्राकृतिक प्रकोप • लागु पदार्थको दुरुपयोग • बिछोड • दीर्घ रोग • HIV / ADIS • एकल महिला

मनोसामाजिक समस्याका लक्षणहरु :

▪ निन्द्रामा गडबडी ▪ शरीर भारी/ गह्रुँगो भएको महसुस गर्नु ▪ लगातार पेट तथा टाउको दुखिरहनु ▪ सजिलै वा छिट्टै थकित महसुस गर्नु ▪ सोच्न सक्ने शक्तिमा ह्रास आउनु ▪ आत्म विश्वासमा कमी हुनु ▪ निर्णय लिन र दिन नसक्नु ▪ सामना गर्ने क्षमतामा कमी आउनु ▪ रुन मन लागिरहनु	▪ घटनाको झझल्को आउनु ▪ छिट्टै रीस उठ्नु ▪ सधैं झर्को मानिरहनु ▪ शंकालु हुनु ▪ एक्लोपनको महसुस हुनु ▪ निराश हुनु ▪ आफूलाई दोषी ठान्नु ▪ चिन्ता लागिरहनु

पीडा व्यक्त गर्ने तरिका :

• टाउको तातिन्छ । • जिउ सिरिङ्ग • मुटु झस्किन्छ • जिउ भारी हुन्छ • जिउ कट्कट खान्छ • जिउ झन्किनछ • छाती पोले जस्तो हुन्छ • छाती थिचे जस्तो हुन्छ • हात खुट्टा छुटे जस्तो हुन्छ • जिउ लल्याक लुलुक हुन्छ	• मन भत्भत् पोल्छ । • आत्मा रुन्छ । • दिक्क, विरक्त लाग्छ । • नरमाइलो लाग्छ । • मन चिसो हुन्छ । • गिदी खान्छ । • दिमाग तात्छ । • जिउ काम्छ । • शुद्ध भइरहनु • बढी देवी देवताप्रति समर्पित हुने

मनोसामाजिक समस्याको चार पक्षीय असरहरु :

मन	चिन्ता, पीर, दुःख, पीडा, रिस, दिक्क, तनावको महसुस गर्ने, एक्लोपनाको महसुस हुने, संवेगात्मक रुपमा शुन्य हुनु, झर्किने, कसैसँग कुरा गर्न मन नलाग्ने, उदास, निस्कृय रहनु, वास्तविकतालाई स्वीकार गर्न कठिन हुनु, कम्जोर महसुस हुनु, ध्यान केन्द्रित नहुने, डर, आत्माग्लानि, असाहयपनको महसुस गर्ने आदि ।
शरीर	वाकवाकी लाग्ने, खाना खान मन नलाग्ने, वान्ता गर्ने, टाउको दुख्ने, पेट दुख्ने नलाग्ने वा बढी लाग्ने, चिटचिट पसिना आउने, मुर्छा पर्ने, मुटुको धड्कन बड्ने, रिंगटा लाग्ने, झाडापखला लाग्नु, पसिना आउनु, रक्तचाप बढ्नु, थकित महसुस हुनु, अनुहारमा चमक हराउनु, शरीर भारी हुनु र मांसपेशीहरु दुख्नु आदि ।
व्यवहार	अनावश्यक छटपटि, सुस्तता, हतारिनु, रोईरहने, खाना नखाने, एक्लै खेल्ने वबस्ने, तर्सने, निष्कृय हुने, बोल्न डराउने वा नबोल्ने, लागुपदार्थको प्रयोग गर्ने, परिवार देखि टाढा बस्ने । यौन व्यवहारमा परिवर्तन, जिद्धिपना, अरुलाई विश्वास नगर्ने, गाली गलौज गर्ने, आक्रमक व्यवहार देखाउने, झगडालु हुने, आवश्यक्ता भन्दा बढी सतर्कता अपनाउने आदि ।
सम्बन्ध	विश्वास नगर्ने, जिद्धिपना, स्वीकार नगर्ने, अरुसँगको सम्बन्ध टाढा हुने वा बिग्रदै जाने आदि ।

मनोसामाजिक समस्या कसरी पहिचान गर्न सकिन्छ :

- यदि व्यक्तिले गर्ने दैनिक क्रियाकलाप परिवर्तन भएमा वा आफ्नो दैनिकीप्रति चासो नदेखाएमा ।
- सामान्य भन्दा फरक खाले व्यवहार देखाएमा ।
- मनोसामाजिक समस्याका कुनै पनि लक्षणहरु व्यक्तिमा १५ दिन भन्दा बढी लगातार रुपमा देखिएमा
- पक्षकारसँगको कुराकानी र छलफलबाट ।

मनोविमर्शको इतिहास

मनोविमर्श भन्ने शब्द अंग्रजी शब्द Psychosocial Counseling को नेपाली रुपान्तरण हो । Counseling को नेपाली शाब्दिक अनुवाद परामर्श भन्ने हुन्छ र मनोविमर्शलाई पनि पहिले परामर्श भनेर नै प्रयोग गरिन्थ्यो । पछि उचारका विधिहरु वैज्ञानिक ढंगले विकसित हुँदै गए तब यो कुरा थाहा हुँदै गयो कि केवल पक्षकारलाई निर्देशन मात्र दिएर उसको समस्या समाधान गर्न सकिदैन अर्थात यसले निदानात्मक पक्षलाई समेट्न सक्दैन् ।

समस्याको निदानात्मक मूल्य र महत्वलाई कायम राख्ने अर्थमा र यसको भिन्दै अस्तित्व, मान्यता र प्रकृया छ भनी प्रष्ट्याउनका लागि यसलाई यसको कार्यगत हिसाबमा छुट्टै पहिचान दिनको लागि Rogers (1942) ले सर्वप्रथम अनिर्देशित मनोचित्साको प्रदुर्भाव गरे । साथै १९५१ ई. मा यस चिकित्साको पूर्ण रुपले वर्णन तथा प्रस्तुत गरियो । पहिला पहिला केवल विरामीको समस्यामा मात्र ध्यान केन्द्रित हुन्थ्यो भने अनिर्देशित चिकित्सामा विरामीको समस्याको अलावा विरामीमा पनि ध्यान केन्द्रित गरिन्छ । विरामीमा समायोजनको समस्या, बुद्धिको कमीका कारण हुने होइन कि भावना तथा संवेगको तत्कालिन स्थितिले गरेर समस्या उत्पन्न हुने गर्दछ ।

मनोविमर्श भनेको के हो ?

मनोविमर्शकर्ता र सेवाग्राही (समस्या प्रभावित) बिच व्यक्तिको भावनात्मक असहजताका कारण देखिएको समस्याको समाधानका लागि गरिने एउटा योजनाबद्ध सहयोगको प्रक्रिया हो । जसमा समस्या परेका व्यक्तिलाई सीपमा आधारित कुराकानीको माध्यमबाट उसका भावनात्मक अप्ठ्याराहरुको समाधानका लागि भावनात्म्क सहयोग दिदै, उसका समस्या समाधानका लागि उपयुक्त विकल्पहरु खोज्न र प्रयोग गर्न सहयोग गरिन्छ ।

यसमा प्रक्रियामा कुराकानीसँगसँगै आवश्यक्ता अनुसार अरु बैकल्पिक साधन जस्तैः खेल, चित्र, जाँच सूचि, आराम आदि पनि प्रयोग गरिन्छ । मनोविमर्शकर्ताले समस्या समाधानका लागि सल्लाह सुझाव नदिई व्यक्तिलाई उसका समस्याका समाधानका उपायहरु उ भित्रबाटै निकाल्न सहयोग गर्दछ र पक्षकार (सेवाग्राही) लाई सांस्कृतिक विभेद, लैङ्गिक दृष्टिकोण र सामाजिक स्तर भन्दा पर रहि स्वतन्त्र रुपमा आफ्नो अनुभव तथा चिन्ताहरुको सम्बन्धमा छलफल गर्न र ती व्यवधानपूर्ण स्थितिहरुलाई कम गर्न सक्षम बनाउँछ ।

मनोविमर्शले कसरी काम गर्छ ?

- पहिलो : म एक्लो छैन, मेरा कुरा सुन्ने र मलाई सहयोग गर्ने व्यक्ति छ वा छन् भन्ने भावनाको विकास गर्दछ । यस भावनाको विकासले उसको आत्मविश्वास बढाउछ ।
- दोस्रो : मनोविमर्शकर्ताको विभेद रहित, हौसलापूर्ण स्वाभाव र विश्वास गर्न सकिने खुल्ला अभिव्यक्तिको वातावरणले पक्षकारलाई आफूले भोगेको पीडा अभिव्यक्तिमा सहयोग गर्दछ ।
- तेस्रो : मनोविमर्शकर्ताले उपचारात्मक सम्बन्ध, संवेगात्मक सहयोग तथा विभिन्न मनोविमर्शका सीपहरु प्रयोग गरेर पक्षकारबाट उसको समस्या समाधानका उपायहरु निकाल्न र ती उपायहरुलाई समस्या समाधानमा प्रयोग गर्न सहयोग गर्दछ ।

मनोसामाजिक सहयोगका आधारभूत सिद्धान्तहरू :

● विश्वास	● भावनामा केन्द्रित हुनु
● गोपनीयता	● अनुभूति दिनु
● आत्मनिर्णय	● निःशर्त सकारात्मक सम्मान
● सकारात्मक अवधारणा	● मनोसामाजिक सहयोगकर्ताको निश्चलता
● न्यानोपन र खुलापन	● ध्यान
● सेवाग्राहीको दृष्टिकोण	● अभिलेखिकरण

मनोविमर्श सेवामा के गरिदैन ?

- आदेश वा आज्ञा दिने
- सल्लाह सुझाव दिने
- निर्देशन दिने
- ठीक बेठीक छुट्याउने
- आर्थिक सहयोग गर्ने
- सेवाग्राहीको लागि निर्णय गरिदिने
- नीतिनियम तथा नैतिकताको पाठ सिकाउने
- सहानुभूति दिने

अनुसूची १

मिलापत्र

लिखितम..........जिल्ला ....गाविस/नगरपालिका वडा नं. .. बस्ने वर्ष.....को .... (निवेदक प्रथमपक्ष) र ....जिल्ला .... गाविस/नगरपालिका वडा नं. .... बस्ने वर्ष.....को .... (दोश्रो पक्ष)बीच भएको .... विवादमा हामी विवादितपक्षहरुको अनुरोधमा तपशिल बमोजिमका मेलमिलापकर्ताहरुको सहजीकरणमा बसी हामी दुवै पक्षहरुलाई आपसमा छलफल गराउँदा निम्न शर्त बमोजिम गर्ने गरी हाम्रो राजी खुशी मञ्जुरीसाथ मिलापत्र गर्न मञ्जुर भएको हुँदा यो मिलापत्र गरेका छौं । अब उप्रान्त यस विषयमा विवाद गर्ने छैनौं भनी निम्न मेलमिलापकर्ता र साक्षीहरुको रोहबरमा यो मेलमिलापको लिखत लेखी लेखाई सहीछाप गरी एक एक प्रति लियौं दियौं ।

तपशिल

विवाद भएको मितिः

विवादको विषय :

मेलमिलाप/मिलापत्र गरेको मिति : २० / /

विवादको संक्षिप्त विवरण :

....

....

.... ।

सहमतीको शर्तहरु (विवरण)

-
-
-
-
-

विवादकापक्षहरु

नामथर : नामथरः

सही सही

दायाँ वायाँ दायाँ वायाँ

रोहबर

मेलमिलापकर्ता)

१.

२.

३.

साक्षी

१.

२.

३.

इति सम्बत २० साल ....महिना ....गते रोज ... शुभम्....................................... ।

अनुसूची २
मेलमिलपकर्ताले जान्नै पर्ने मेलमिलापसम्बन्धी ऐन २०६८ को परिच्छेदहरु

मेलमिलाप ऐन २०६८
परिच्छेद-६
सामुदायिक मेलमिलाप सम्बन्धी विशेष व्यवस्था

३३. समुदायमा आधारित विवाद समाधान :

(१) यस ऐन बमोजिम मेलमिलापद्वारा निरुपण हुन सक्ने विवादको समुदायमा आधारित मेलमिलाप सम्बन्धी संयन्त्रद्वारा पनि समाधान गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम विवाद समाधान गर्न सहज पुऱ्याउन सम्बन्धित समुदायले विवाद उत्पन्न भएपछि वा विवाद उत्पन्न हुनु अघि नै मेलमिलापकर्ताको समूह तयार गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको समूहमा देहायका व्यक्तिहरु रहन सक्नेछन् :-
(क) स्थानीय समुदायका प्रतिष्ठित व्यक्तिहरु,
(ख) स्थानीय स्तरमा कार्यरत सामुदायिक संस्थाले तोकेका व्यक्तिहरु,
(ग) स्थानीय समाजसेवीहरु,
(घ) स्थानीय स्तरका विद्यालय वा महाविद्यालयमा कार्यरत शिक्षक वा प्राध्यापक ।

(४) उपदफा (३) बमोजिमको समूह तयार गर्दा आवश्यकता अनुसार उपयुक्त संख्यामा महिलाको प्रतिनिधित्वलाई सुनिश्चित गर्नु पर्नेछ ।

३४. सामुदायिक मेलमिलाप : (१) समुदायमा आधारित मेलमिलापद्वारा विवादको निरुपण गर्न सहज पुऱ्याउँदा आवश्यक संख्यामा मेलमिलापकर्ता रहनेछन् ।

(२) उपदफा (१) बमोजिमका मेलमिलापकर्ताले पक्षहरुलाई विवाद समाधान गर्न सहायता पुऱ्याउनेछन् ।

(३) उपदफा (२) बमोजिम सहायता पुऱ्याउँदा विवादका पक्षहरुलाई आपसमा सहमति कायम गर्न, विवादलाई एक अर्कालाई मान्य हुने गरी सम्झौता गर्न र समुदायमा आधारित मेलमिलापद्वारा भएको विवादको समाधानलाई हारजीतको रुपमा नलिन उत्प्रेरण गर्नेछन् ।

(४) समुदायमा आधारित मेलमिलापकर्तालाई विवाद समाधान गर्न सघाउ पुऱ्याउने कार्यमा स्थानीय स्तरमा कार्यरत गैर सरकारी संस्थाले आवश्यक प्राविधिक र अन्य सहयोग गर्न सक्नेछन् ।

(५) समुदायमा आधारित मेलमिलापद्वारा विवाद समाधान गर्ने प्रयोजनको लागि सम्बन्धित समुदायका सदस्यहरुको भेलाले आवश्यक कार्यविधि तय गर्न सक्नेछ ।

(६) समुदायमा आधारित मेलमिलापद्वारा विवाद समाधान गर्दा मेलमिलापद्वारा समाधान गरिएको परिणाम लिखित रुपमा स्थानीय निकायमा अभिलेख गर्न सकिनेछ ।

(७) समुदायमा आधारित मेलमिलापद्वारा विवाद समाधान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३५. प्रशिक्षण तथा प्राविधिक सेवा उपलब्ध गराउने :

(१) समुदायमा आधारित मेलमिलापद्वारा विवादको समाधान गर्न सम्बन्धित जिल्ला विकास समिति, गाउँ विकास समिति र नगरपालिकाले समुदायमा आधारित मेलमिलापकर्तालाई आवश्यक प्राविधिक सेवा उपलब्ध गराउन सक्नेछ ।

(२) समुदायमा आधारित मेलमिलापकर्तालाई मेलमिलाप गराउने कार्यमा दक्षता विकास गर्न आवश्यक तालीम उपलब्ध गराउन नेपाल सरकारले आवश्यकता अनुसार राष्ट्रिय वा स्थानीय स्तरका गैर सरकारी संस्था वा समुदायमा आधारित संस्थालाई परिचालन गर्न सक्नेछ ।

परिच्छेद-७
विविध

३६. पक्षको कर्तव्य : मुद्दा हेर्ने निकायको आदेश बमोजिम तोकिएको मिति र समयमा मेलमिलापकर्ता समक्ष उपस्थित हुनु तथा मेलमिलापसम्बन्धी कारबाहीको सिलसिलामा मेलमिलापकर्ताले उपस्थित हुन तोकेको स्थान र मितिमा उपस्थित भई मेलमिलापको कारबाहीमा भाग लिनु पक्षको कर्तव्य हुनेछ ।

३७. मेलमिलाप सम्बन्धी प्रक्रिया गोप्य राख्नु पर्ने : पक्षहरुले अन्यथा व्यवस्था गरेको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक मेलमिलापकर्ताले गरेको मेलमिलाप सम्बन्धी सबै प्रक्रिया गोप्य राख्नु पर्नेछ ।

३८. प्रमाण नलाग्ने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम मेलमिलापबाट **विवाद निरुपण गर्ने सिलसिलामा कुनै पक्षले व्यक्त गरेको कुरा त्यस्तो पक्ष वादी वा प्रतिवादी भई चलेको मुद्दामा प्रमाण लाग्ने छैन ।**

३९. मेलमिलापको परिणाम बाध्यात्मक हुने : यस ऐन बमोजिम मेलमिलापबाट विवाद निरुपण भएकोमा सोको परिणाम पक्षहरुलाई बाध्यात्मक हुनेछ र पक्षहरुले कार्यान्वयन गर्नु पर्नेछ ।

४०. मिलापत्रको कार्यान्वयन : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ को उपदफा (३) वा (४) बमोजिमको विवादका सम्बन्धमा **यस ऐन बमोजिम मिलापत्र भएको मितिले पैंतालीस दिनभित्र सम्बन्धित पक्षले त्यस्तो मिलापत्र कार्यान्वयन गर्नु पर्नेछ ।**

(२) उपदफा (१) बमोजिमको अवधिभित्र सम्बन्धित पक्षले उपदफा (१) बमोजिम मिलापत्र कार्यान्वयन नगरेमा सम्बन्धित पक्षले मिलापत्र कार्यान्वयनको लागि मिलापत्र भएको विषयसँग सम्बन्धित निकाय समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा त्यस्तो निकायले प्रचलित कानून बमोजिम त्यस्तो मिलापत्र कार्यान्वयन गरिदिनु पर्नेछ ।

४१. सहजकर्ताको भूमिका निर्वाह गर्नु पर्ने :

(१) मेलमिलापकर्ताले विवादको समाधान गर्दा मैत्रीपूर्ण तवरबाट विवाद समाधान गर्न पक्षहरुलाई स्वतन्त्र तथा निष्पक्ष तरिकाले सहयोग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सहयोग गर्दा मेलमिलापकर्ता सदैव पक्षहरुको हक तथा दायित्व, व्यापारिक प्रकृतिको विवाद भए सो विषयको अभ्यास तथा प्रचलन, समुदायमा आधारित संयन्त्रबाट विवाद समाधान गरिएको भए सम्बन्धित समुदायमा उपलब्ध विवाद समाधान सम्बन्धी परम्परा, अभ्यास र स्वीकृत मान्यतालाई ध्यान दिई निष्पक्षता, वस्तुनिष्ठता, स्वच्छता र न्यायका सिद्धान्तबाट सदैव निर्देशित हुनु पर्नेछ ।

(३) यस ऐन बमोजिम मेलमिलापकर्ताले विवाद समाधान गर्न सहायता गर्दा निजले न्यायाधीश, मध्यस्थ वा कानुनी सल्लाहकारको भूमिका निर्वाह नगरी सहजकर्ताको मात्र भूमिका निर्वाह गर्नु पर्नेछ ।

४२. मेलमिलापकर्ताले जानकारी प्रकट गर्न नहुने : मेलमिलापका प्रक्रियाको सिलसिलामा पक्षले दिएको कुनै जानकारी वा मेलमिलापको क्रममा मेलमिलापकर्तालाई जानकारी हुन आएको कुनै व्यहोरा वा तथ्य कुनै पनि पक्षहरुको हित प्रतिकूल हुने गरी प्रकट गर्न हुँदैन । तर कुनै फौजदारी कसूरमा कानून बमोजिम सक्षम अदालत समक्ष सो थाहा पाएको कुरा प्रकट गर्न यस दफाले कुनै रोक लगाएको मानिने छैन ।

अनुसूची ३

केही विवादहरु(मुद्दा) सम्बन्धी उजुरी गर्ने हदम्याद (कानूनले तोकिदिएका निश्चित समयअवधि) र उजुरी गर्ने निकायहरु बारे संक्षिप्त विवरण

क्र.स.	विवाद (मुद्दा) को विवरण	उजुरी गर्ने हदम्याद (समय अवधी)	उजुरी गर्न जानु पर्ने निकाय	कैफियत
१	करकाप	कागज गराएको मितिले ३५ दिन भित्र	जिल्ला अदालत	कसैले जवरजस्ती र जोरजुलुमसँग कागज गरायो भन्ने कुरामा
२	ज्याला मजदुरीसम्बन्धी	३५ दिन	जिल्ला अदालत	
३	लिखित दैवी परेकोले अर्को लिखत गराई पाउँ भन्ने	३५ दिन	जिल्ला अदालत	दैवी परेको ७ दिन भित्र प्रहरी कार्यालयलाई पनि जानकरी गराउनु पर्छ।
४	लिखत बदर सम्बन्धी	जग्गा रजिष्ट्रेशन गरेको १ वर्ष सम्ममा थाहापाएको ३५ दिन भित्रमा	जिल्ला अदालत	आफ्नो समेत अंश हक लाग्ने जग्गामा आफ्नो मंजुरी नलिइकन थाहा नदिइ विक्री गरेमा
५	निखन्ने (हकसाफी अर्थात थैली झुण्डाउने)	जग्गा रजिष्ट्रेशन गरेको ६ महिना सम्ममा थाहा पाएको ३५ दिन	मालपोत कार्यालय	राजिनामाको कागजमा कति रुपैयामा विक्रि भएको उल्लेख छ , सो रुपैयाँ थैली धरौट राख्नु पर्दछ। यसरी थैली धरौट राख्दा सन्धीसर्पन पर्ने र हकवाला दुवै भएको व्यक्तिले मात्र राख्न सक्दछ।
६	बेरीतसँग थुनेको	थुनावाट छुटेको ३५ दिन भित्र	अदालत	
७	कुटपिट(सामान्य)	३५ दिन	अदालत	प्रहरीमा निवेदन गरि तुरुन्त घाँ जाँच केश फारम समेत गराउनु पर्छ।
८	मिलापत्र बदर	थाहा पाएको ३५दिन भित्र	अदालत	जुन अदालतमा मिलापत्र गरिएको छ सोही अदालतमा उजुरी गर्नु पर्छ।
९	लुटपिट सम्बन्धी	लुटपीत गरेको ३ महिना भित्रमा	अदालत	
१०	जग्गा मिची घर बनाएमा	घर तैयार भएको मितिले १ वर्ष भित्र	अदालत	
११	बाली बिगोको मुद्दा	१ वर्ष	अदालत	जुन जग्गाको विवाद भएको हो सो जग्गामा हक कायम भएको मितिले हदम्याद शुरु हुन्छ।
१२	अंश वण्डा	हदम्याद लाग्दैन	अदालत	अंश नपाउनेले जहिले सुकै उजुरी गर्न सक्छ।
१३	अवण्डा जग्गा वण्डा	जहिलेसुकै	अदालत	
१४	अंश लुकायो, दवायो भनी अंश दपोट	लुकाउनेको जिउ रहे सम्म	अदालत	
१५	अंशमा चित्त वुझेन भन्ने	अघि बण्डा भएको मितिले ३ महिना	अदालत	
१६	राख्न नहुने धर्मपुत्र वा धर्मपुत्र राख्यो भन्ने	थाहा पाएको २ वर्ष भित्र	अदालत	
१७	अपुताली पाउँ भन्ने	अपुताली परेको ३ वर्षभित्र	अदालत	

१८	लेनदेन	लिखत भएको मितिले १० वर्ष	अदालत	
१९	नाबालकको धन बिर्गान बेईमानी गरेको	जहिलेसुकै	अदालत	
२०	भोगबन्धकी	२ वर्ष	अदालत	लिखत भएको मितिले
२१	दृष्टिबन्धक	२ वर्ष	अदालत	भाखा नाघेको मितिले
२२	बकसपत्र बदर	२ वर्ष	अदालत	
२३	ठगी (नेपाल सरकार वादी नहुने)	२ वर्ष	अदालत	ठगी भएको मितिले
२४	किर्ते	६ महिना	अदालत	थाहा पाएको मितिले
२५	जालसाज	६ महिना	अदालत	थाहा पाएको मितिले
२६	जारी	१ वर्ष	अदालत	जारी गरेको मितिले १ वर्ष भित्रमा।
२७	हाडनाताभित्र करणी	कसुर गर्नेको जिउ सम्म	अदालत	
२८	नाता कायम	१ वर्ष सम्ममा	अदालत	
२९	जग्गा खिचोला	६ महिना	अदालत	किचोला गरेको मितिले ६ महिना भित्रमा
३०	सम्बन्ध-विच्छेद	जहिलेसुकै	अदालत	
३१	विवाह बदर	३ महिना भित्रमा	अदालत	लोग्ने मानिस र स्वस्नी मानिस दुवैको मञ्जुरी वेगर विवाह गरि दिएमा विवाह भए गरेको मितिले ३ महिना
३२	गाली/बेइजजती	६ महिना भित्रमा	अदालत	
३७	यातना तथा क्षतिपूर्ति	थुनाबाट मुक्त भएको मितिले ३५ दिन	अदालत	मुद्धाको पुर्पक्ष वा अनुसन्धानको क्रममा थुनामा रहदाको अवस्थामा यातना दिएमा यातना दिने व्यक्ति उपर
३८	एकको जग्गा अर्कोले दर्ता गराएमा दर्ता बदर	थाहा पाएको ६ महिना भित्रमा	अदालत	
३९	बालबालिकालाई कुर यातना दिएको	१ वर्ष भित्र	अदालत	
४०	मनाचामल	१ वर्ष	अदालत	भए-गरेको मितिले
४१	नक्सा पासमा उजुरी	१५ दिन	नगरपालिका, उपमहा नगरपालिका वा महानगरपालिका	नगरपालिकाले नक्सामा कसैको उजुरी भए उजुर गर्न आउनु भनी सूचना दिएको मितिले
४२	नामसारी	जहिलेसुकै	मालपोत कार्यालय	
४३	घरसारको लिखत रजिष्ट्रेसन गर्ने	६ महिना	मालपोत कार्यालय	
४४	घरेलु हिंसा भएमा	३ महिना(९०) दिन	स्थानीय निकाय (गाविस, न.पा.) वा प्रहरी कार्यालय वा जिल्ला अदालत, वा राष्टिय महिला आयोग मध्येका कुनै एक निकायमा	
सरकारी विवाद (मुद्धा) को विवरण				
४५	केही सार्वजनिक अपराध	वारदातमा भएको मितिले ७ दिन भित्र	प्रहरी कार्यालयमा जाहेरी	७ दिनभित्र मुद्दा दर्ता हुन नसकेमा दर्ता हुन नसकेको उचीत कारण देखाउन सकेमा मुद्दा हेर्ने अधिकारले ३५ दिन म्याद थप गर्न सक्ने।

				जिल्ला प्रशासन कार्यालय(सि.डि. ओ. कार्यालायमा) ले
४६	अंगभंग कुटपिट	३ महिना	प्रहरी कार्यालयमा	प्रहरीले अनुसंधान गरी सरकारी वकिलले अभियोग पत्र अदालतमा पेश गर्दछ।
४८	आशय करणीको	प्रकाशमा आएको ३५ दिन भित्र	प्रहरी कार्यालयमा	"
४९	जबरजस्ती करणँ	३५ दिन	प्रहरी कार्यालयमा	"
५०	सरकारी कागज किर्ते	जहिलेसुकै पनि	प्रहरी कार्यालयमा	"
५१	ठगी	१ वर्ष	प्रहरी कार्यालयमा	नेपाल सरकारले थाहा पाएको मितिले
५२	चोरी	दसी भए जहिलेसुकै नभए १ वर्ष भित्र	प्रहरी कार्यालयमा	प्रहरीले अनुसन्धान गरि सरकारी वकील मार्फत अदालतमा अभियोग पत्र दर्ता हुन्छ।
५३	अरुको घरमा आगो लगाउने	१ वर्ष भित्र	प्रहरी कार्यालयमा	"
५४	नक्कली नोट छाप्ने	जहिलेसुकै (निजको जिउ रहेसम्म)	प्रहरी कार्यालयमा	"
५५	नक्कली नोट चलन गर्ने	३ महिना	प्रहरी कार्यालयमा	"
५६	अपहरण	६ महिना र ३ महिना		अपहरण भएको मितिले ६ महिना वा अपहरणवाट छुटेको मितिले ३ महिना
५७	ज्यानसम्बन्धी	जहिलेसुकै	प्रहरी कार्यालय	
५८	गर्भपतन	३ महिना	प्रहरी कार्यालय	
५९				
६०	पशु-करणी	१ वर्ष	प्रहरी कार्यालय	भए-गरेको मितिले हदम्याद शुरु हुन्छ
६१	बहु विवाह	३ महिना भित्रमा	प्रहरी कार्यलय	थाहा पाएको मितिले हदम्याद शुरु हुन्छ
६२	धर्म-परिवर्तन र धार्मिक कार्यमा खलल पर्ने	जहिले सुकै	प्रहरी कार्यालय	
६३	लागू औषध	जहिलेसुकै	प्रहरी कार्यालय	
६४	काला बजारी	९० दिन	प्रहरी कार्यालय	अपराध भएको पत्ता लागेको मितिले हदम्याद शुरु हुन्छ
६६	जुवा खेल्ने वा खेलाउने	३५ दिन	प्रहरी कार्यालय	
६८	झूटा विवरण पेशगरी नागरिकता लिएको वा विदेशीले नागरिकता लिएमा	हदम्याद नलाग्ने	प्रहरी कार्यालय	
६९	भ्रष्टाचार	हदम्याद नलाग्ने	अख्तियार दुरुपयोग अनुसन्धान कार्यालयमा	सि.डि. ओ. कार्यालय र क्षेत्रीय प्रशासन कार्यालयमा पनि उजुरी दिन सकिन्छ।
७०	मानव वेचविखन तथा ओसार पसार	हदम्याद नलाग्ने	प्रहरी कार्याल	
७१	राहदानी सम्बन्धी मुद्दा (पासर्पोट सम्बन्धी)	,, ,,	प्रहरी कार्यालय	
७३	विस्फोटक पदार्थ बनाउने, बेच्ने आदि	,, ,,	प्रहरी कार्यालय	
७४	संस्था दर्ता नगराई काम गरेमा	,, ,,	,, ,,	
७६	हातहतियार तथा खरखजाना सम्बन्धी	,, ,,	,, ,,	
७७	वनपैदावार मासेको	" "	प्रहरी कार्यालय	
७८				

पेज नं २३ को बाँकी भाग : द्वन्द्वहरूका गतिशीलताहरू: "ज्वरो रेखा" ढाँचा

१) लुप्त वा सामान्य तहको द्वन्द्व :विवादित पक्षहरु एक अर्काका समस्या प्रति जानकार छन्, तर प्राय उनीहरु त्यसको बारेमा सञ्चार गर्दैनन् । सायद उनीहरुलाई कसरी भन्ने थाहा नभएर वा किन कि त्यो आफै हराएर जान्छ भनेर । यो पनि हुन सक्छ कि एक पक्षले मात्रै द्वन्द्वको अनुभूति गरेको जबकि अर्को पक्षले त्यो अवस्थालाई 'सामान्य' रुपमा सोचेको पनि हुन सक्छ । यो अवस्थामा द्वन्द्वलाई अझै एकआपसमा प्रत्येक्ष कुराकानी गरेर वा मेलमिलाप मार्फत सजिलैसँग समाधान गर्न सकिन्छ । तर यदि यो तहमा दुबै पक्षहरुले समस्यालाई समाधान गरेन भने द्वन्द्व माथि जान्छ र महशुसहरु "तातो" (ज्वरो) हुन पुग्दछन् ।

२) फर्किने विन्दु नभएको द्वन्द्व :जब महशुसहरु कडा हुन्छन् समान्यतया एउटा बिन्दु हुन्छ जसलाई 'फर्किने बिन्दु नभएको' भनिन्छ । यहाँबाटको अवस्था झन-झन खराब हुन्छन् र यस उपरान्त पक्षहरु एकअर्को बिच खुलस्त रहँदैनन् । द्वन्द्वरत पक्षहरुकाबीचमा आरोप प्रत्यारोप चर्किएको हुन्छ र उनीहरु यति भावुक हुन्छन् कि उनीहरु सँगै बसेर तनावरहित वातावरणमा रहेर समस्याको समाधान गर्न सक्दैनन् ।

३) ठूलो परिवतर्नको विन्दूमा पुगेको द्वन्द्व :द्वन्द्व 'नफर्किने बिन्दु'मा पुगेपछि केहि साना घटनाहरु पनि काफी हुन्छन् द्वन्द्व चर्काउनका निम्ति । यस्ता साना घटनाहरुलाई अंग्रेजीमा Flash point अर्थात "ठूलो परिवर्तनको बिन्दु" भनिन्छ । हामी यसलाई मसिना थोपाहरुका रुपमा कल्पना गर्न सक्छौं जसले भाडाको पानीलाई पोख्न प्रभावित गर्छन् । यो तहमा भावनाहरु उच्च हुन्छन् र एउटा सानो घटनाले पनि ठूलो प्रतिकृया जनाउन सक्छ जसमा मौखिक आक्रामकता वा शारिरीक हिंसा पनि संलग्न हुन सक्छ ।

क) विस्फोटनको तह वा तातो द्वन्द्व

यो द्वन्द्वको सबैभन्दा उच्चतम अवस्थाको द्वन्द्वलाई भनिन्छ । पक्षहरु यति रिसाहा र आक्रामक हुन्छन् कि उनीहरु एक अर्कालाई आक्रमण गर्छन् (मौखिक वा शारिरीक) । हामी यसलाई विष्फोटको अवस्था भन्छौं । कहिलेकाहिं द्वन्द्वरत पक्षलाई विष्फोटपछि आनन्दको महशुस हुन्छ र महशुसहरु केहि तल झर्छन् । तर यदि उनीहरुले उनीहरुको द्वन्द्वलाई सम्बोधन गरेन र के भयो भन्ने बारेमा कुरा गरेन भने, नयाँ परिवर्तनको बिन्दुले नयाँ बिस्फोटलाई निम्त्याउँछ र समाधानमा पुगिँदैन ।

ख) लगातारको द्वन्द्व

यस्ता द्वन्द्वहरु पनि हुन्छन् कि जसमा धेरै गम्भीर र गरम भावनाहरु संलग्न हुन्छन् तर ती कहिले पनि विष्फोटको तहमा पुग्दैनन् । प्रायजसो यो अवस्था मानिसहरुबिच पदानुक्रम (hierarchy) हुँदा जसले गर्दा व्यक्ति विष्फोट हुने सम्भावनालाई असम्भव बनाउँछ । उदाहरणका लागि, यदि एक जना कर्मचारी उसको हाकिमसित एकदम रिसाएको छ भने पनि ऊ हाकिमको अगाडि चिच्याउन सक्दैन किन कि ऊ काम खोसिन्छ कि भनेर डराउँदछ । यस्ता खालका द्वन्द्वहरु धेरै शक्तिशालीरुपमा महशुस गर्न सकिन्छ (द्वन्द्वहरुको सुधारमा परिवर्तन नभईकन-कहिले पनि समाधान नहुने र कहिले पनि समाधानको उच्चतम बिन्दुमा नपुग्ने) । त्यसैले यसलाई लगातारको द्वन्द्व भनिन्छ र मानिसहरु यसबाट धेरै नै पीडित हुन सक्छन् जुन वर्षौंसम्म अगाडि बढ्न सक्छ ।

ग) अन्तरतहको (चिसो द्वन्द्व)

विस्फोटन गराउनुको सत्ता, ठूलो परिवर्तनको बिन्दुले उत्तेजित पारेर अन्तरतहमा पुऱ्याउन सक्छ जुन भावनाहरुको अकस्मात र मजबुत चिस्याइ हो । जसको अर्थ त्यो व्यक्तिले अर्को व्यक्तिले पुऱ्याएको चोटलाई कडारुपमा महशुस गर्न सक्छ र त्यो व्यक्तिले अर्को व्यक्तिको लागि पूर्णरुपमा आफ्नो मनको ढोका बन्द गरिदिन्छ । यो तहमा, एक पक्षले अर्को पक्षसँग कुनै पनि प्रतिकृया जनाउदैन र कुनै अन्तरक्रिया गर्न पनि चाहँदैन । ऊ रिसाएको हुँदैन तर उसलाई धेरै चोट पुगेको हुन्छ । उसलाई आफ्नै महशुसहरु अभिव्यक्त गर्न गाऱ्हो हुन्छ ।